अधिकार मिचेर गरिएको भेलालाई आयोगले... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक २२९ • २०८२ साल माघ ३ गते शनिबार (17 January, Saturday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## आयोगले दियो गगनलाई आधिकारिकता
# 'पार्टीभित्र कसैप्रति पक्षपात वा प्रतिशोध नगरिने'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनबाट निर्वाचित सभापति गगन कुमार थापा नेतृत्वको केन्द्रीय कार्यसमितिलाई आधिकारिकता दिने निर्वाचन आयोगले निर्णय गरेको छ। दुवै पक्षबाट पेश भएको विवरण अध्ययन गरी विशेष महाधिवेशनले निर्वाचित गरेको कार्यसमिति नै आधिकारिकता रहेकाले सोही विवरण आयोगमा अद्यावधिक गर्ने निर्णय आयोगले गरेको छ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहित आयोगका तीन पदाधिकारीमध्ये दुई जनाले गगनको पक्षमा र एक जनाले विपक्षमा राय दिए पछि बहुमतका आधारमा निर्णय गरिएको एकजना स्रोतले जानकारी दिए।

स्रोतले जनाए अनुसार प्रमुख निर्वाचन आयुक्त भण्डारी र निर्वाचन आयुक्त सगुनशमशेर राणाले गगनको पक्षमा निर्णय दिएका थिए भने अर्का आयुक्त जानकी तुलाधर विपक्षमा थिइन्। आयोग सम्बद्ध उच्च स्रोतले सभापति गगन कुमार थापा नेतृत्वको कार्यसमितिलाई नै आधिकारिकता दिने निर्णय गरेको पुष्टि गरे।

आयोगको निर्णयविरूद्ध शेरबहादुर देउवा पक्षका कांग्रेस नेता तथा कार्यकर्ताले कान्तिपथ सडकमा नाराबाजी गरेका थिए। सो क्रममा अत्यधिक सुरक्षाकर्मी परिचालन गरिएको छ। यता पूर्णबहादुर खड्का, प्रकाशमान सिंह, मीनेन्द्र रिजाल, प्रकाशशरण महत, एनपी साउद लगायतका कांग्रेस नेताहरू आयोग बाहिर कान्तिपथमै आयोगको विरुद्धमा प्रदर्शन गरेका छन्।

सभापति थापालगायत नवनिर्वाचित कार्यसमितिले आफ्नो आधिकारिकता दाबी गर्दै बिहीबार दिउँसो निर्वाचन आयोगमा विवरण अद्यावधिक गर्न माग दाबी गरेको थियो। यसका लागि थापाले आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीलाई तथ्य, प्रमाण र कागजातहरू बुझाएका थिए।

त्यसैगरी देउवा पक्षका पूर्णबहादुर खड्का लगायतका नेता पनि सभापति शेरबहादुर देउवा नेतृत्वको कांग्रेस नै 'आधिकारिक' भएको जिकिर गर्दै शुक्रबार बिहान आयोग पुगेका थिए। खड्काले पार्टीका निर्णयहरूसहित विभिन्न प्रतिवेदन र दस्तावेज आयोगमा बुझाएका थिए। भदौ २३ र २४ को जेन- जी आन्दोलनपछि




नेपाली कांग्रेसभित्र नीति र नेतृत्व परिवर्तको मुद्दा चुलिएको थियो। त्यसै क्रममा विशेष महाधिवेशन गर्ने कि चुनावअगाडि नियमित महाधिवेशन गर्ने भन्ने विवाद शुरू भयो। त्यही विवादबीच ५४ प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन माग गर्दै हस्ताक्षर बुझाएका थिए। पार्टी विधान अनुसार कम्तिमा ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरी माग गरे तीन महिनाभित्र विशेष महाधिवेशन डाक्नुपर्ने व्यवस्था छ।

तर त्यतिबेला पार्टी सभापति शेरबहादुर देउवा लगायत संस्थापन पक्षका नेता विशेष महाधिवेशन डाक्न तयार भएनन्। उनीहरूले पुस २६ गते नियमित महाधिवेशन गर्ने कार्यतालिका ल्याए पनि उक्त कार्यतालिका अनुसार नियमित महाधिवेशन गर्न तदारूकता देखाएनन्। सो क्रममा फागुन २१ को आमनिर्वाचनपछि वैशाखमा मात्र नियमित महाधिवेशन गर्ने गरी अर्को कार्यतालिका केन्द्रीय कार्यसमिति बैठकले पास गरेको थियो।

महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्माले उक्त निर्णयमा 'नोट अफ डिसेन्ट' लेखेर विशेष महाधिवेशनको पक्षमा उभिए। त्यसपछि विशेष महाधिवेशन पक्षधरले भृकुटीमण्डपमा दोस्रो विशेष महाधिवेशन अघि बढाएका थियो।

त्यसबीच महामन्त्रीद्वय र संस्थापन पक्षबीच सहमतिको निम्ति पटक पटक छलफलसमेत चलेको थियो। सभापति देउवासंग उनकै निवासमा भएको अन्तिम वार्ता निष्कर्षविहीन टुंगिएपछि विशेष महाधिवेशनले नयाँ नेतृत्व चयन गर्न निर्वाचन प्रक्रिया अघि बढाएको थियो। त्यही विशेष महाधिवेशनले गगन थापाको नेतृत्वमा नयाँ कार्यसमिति निर्विरोध निर्वाचित गरेको छ।

थापा नेतृत्वको कार्यसमितिले बिहीबार दिउँसो आयोगमा आफ्नो आधिकारिकता दाबी गरेपछि खड्काको नेतृत्वमा केही कांग्रेसी शुक्रबार बिहान आयोग पुगेका थिए। आयोग जानेमा खड्कासहित नेताहरु शेखर कोइराला, धनराज गुरूङ, महालक्ष्मी उपाध्याय डिना, मिनेन्द्र रिजाल, रमेश लेखक, नैनसिंह महर, जितजंग बस्नेत लगायत थिए। देउवा पक्षका कार्यवाहक सभापति खड्काले आयोगका पदाधिकारीसंग कुराकानी क्रममा विशेष महाधिवेशन विधानअनुरूप नरहेको दाबी गरेका थिए। नेता खड्काले गगन थापा, विश्वप्रकाश शर्मा र फरमुल्लाह मन्सुरलाई पार्टीले साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेर त्यसलगत्तै निर्वाचन आयोगमा जानकारी गराइएको पनि बताएका थिए। विधानमा केन्द्रीय समितिले सभापतिसहितको कार्यकाल एक वर्ष थप गर्न सक्ने व्यवस्थासमेत रहेको उनको भनाइ छ।

यसअघि आयोगका पदाधिकारीसंगको भेटमा खड्काले विशेष महाधिवेशनका लागि हस्ताक्षर गरेकामध्ये ८८५ जनाले फिर्ता लिएको दाबी पनि गरेका थिए।

यस्तो दाबीको खण्डन गर्दै विशेष महाधिवेशनबाट निर्वाचित कांग्रेस कार्यसमितिले शुक्रबार नै विज्ञप्ति निकालेर विशेष महाधिवेशनमा २६५२ जना महाधिवेशन प्रतिनिधि सहभागी रहेको उल्लेख गरेको छ। विशेष महाअधिवेशन असोज २९ गते पार्टी कार्यालयमा दर्ता हुँदा कुल २४८८ जना महाअधिवेशन प्रतिनिधिहरूको हस्ताक्षर संलग्न रहे पनि महाधिवेशनमा २६५२ जना सहभागी रहेको प्रवक्ता देवराज चालिसेले बताए।

## भावी प्रधानमन्त्री गगन थापा !

**टुडे समाचारदता**



काठमाण्डु । नेपाली कांग्रेस सभापति गगन कुमार थापालाई भावी प्रधानमन्त्रीका रूपमा अघि सारेका छन्।

पार्टीका उपसभापति विश्वप्रकाश शर्माले आगामी निर्वाचनलाई मध्यनजर गर्दै सभापति थापालाई भावी प्रधानमन्त्रीको रुपमा अघि सारेको बताए।

निर्वाचन आयोगले विशेष महाधिवेशनबाट निर्वाचित गगन थापा नेतृत्वको कार्यसमितिलाई आधिकारिक मान्यता दिएपछि उनले यस्तो घोषणा गरेका छन्।

उपसभापति शर्माले अब विशेष महाधिवेशनको समर्थनमा हस्ताक्षर गर्ने र नगर्नेबीच विभाजन कायम नराखी पार्टीलाई एकताबद्ध रूपमा अघि बढाइने बताए।

उनले विशेष महाधिवेशनका क्रममा भूमिका खेलेका सबै नेता-कार्यकर्तालाई एउटै धारमा ल्याउने प्रयास गरिने स्पष्ट पारे। उनले जेन- जी आन्दोलनले उठाएको सुशासनको मागलाई कांग्रेसले अब स्पष्ट रूपमा आत्मसात गर्ने प्रतिबद्धता व्यक्त गरे। विगतका कमजोरीप्रति आत्मालोचना गर्दै सुधारसहित अघि बढ्ने संकल्प पार्टीले गरेको समेत उनको भनाइ छ।

यता निर्वाचन आयोगबाट मान्यता पाएपछि सभापति गगन कुमार थापाले पार्टीभित्र कसैप्रति पक्षपात वा प्रतिशोध नगर्ने स्पष्ट पारे। आयोगबाट आधिकारिकता पाएसंगै सभापति थापाले पार्टीभित्र एकता कायम राख्न उनले प्रतिबद्धता व्यक्त गरे। सभापति थापाले भने, "हामी कसैलाई काखा-पाखा गर्दैनौं। भृकुटीमण्डपमा आयोजित विशेष महाधिवेशनमा सहभागी नहुनेहरूको लागि पनि यस्तो कुनै भावना राखिँदैन।"

# बालबालिका र किशोर-किशोरीमा तनाव बढ्दो

**टुडे समाचारदाता**

जनकपुरधाम । मनोसमस्याका कारण बालबालिका र किशोर-किशोरीमा तनाव बढिरहेको एक चिकित्सकहरु बताउँछन्।

पहिला किशोर-किशोरी तथा बालबालिकामा आफ्नै प्रकारको तनाव हुने गर्थ्यो। जसले अनेक समस्या निम्त्याउँथ्यो। यसको पहिचान खुल्न निकै समस्या हुन्थ्यो।

बालबालिकार किशोर-किशोरीमा देखिएको तनावका कारण उनीहरूमा एन्जाइटी र डिप्रेशन बढेको सम्बन्धित विज्ञ चिकित्सकहरू बताउँछन्। १४ वर्ष मुनिका बालबालिकाको मानसिक उपचार सेवा दिइरहेको कान्तिवाल अस्पतालले जनाएको छ। अस्पतालको बालमानसिक रोग इकाइमा दैनिक १०/१५ जनासम्म तनावजन्य रोगसंग सम्बन्धित बालबालिका आउने गरेका छन्।

१८ वर्ष उमेर मुनिका किशोर-किशोरीलाई मानसिक सेवा प्रदान गर्ने पाटन अस्पतालमा दैनिक औसत १५/२० जना डिप्रेशन र एन्जाइटीका समस्यासहित उपचारमा आइरहेका छन्।

पाटन अस्पतालका मानसिक रोग विशेषज्ञ डा. अनन्त अधिकारीले अहिलेका किशोर-किशोरीमा एन्जाइटी, डिप्रेशन, लागूऔषध सेवनको असर, धैर्यता र सामाजिक घुलमिल गर्न नसक्ने समस्या देखिएको बताए। उनीहरूले विद्यालय जान नसक्ने, नियमित काम गर्न अप्ठ्यारो परेपछि अभिभावकले उपचारका लागि ल्याउने गरेको मानसिक अस्पताल पाटनका मनोचिकित्सक डा. निराजन भट्टराईले बताए। उनले भने, 'ठूलो व्यक्तिमा जस्तै डिप्रेशन र एन्जाइटी बालबालिकामा पनि देखिन्छ।'

एन्जाइटी, डिप्रेशन, ओडिडी, बानी-व्यवहार र ध्यान दिन नसक्ने समस्या देखिन्छ। जेनजी प्रदर्शनपछि ती समस्याहरू पुनः बढेर उपचारमा पुगेको बताए। मानसिक रोग भएका बालबालिका र किशोर-किशोरीमध्ये ६० प्रतिशतसम्ममा समस्या देखिएको उनको भनाइ छ।

बालबालिका तथा किशोर-किशोरीमा डिप्रेशन र एन्जाइटी जस्ता तनावजन्य रोग विगत देखि नै रहे पनि पछिल्लो समय उपचार सेवाको पहुँच पुगेपछि बढी मात्रामा पहिचान हुन थालेको कान्तिबाल अस्पताल बालबालिका मानसिक रोग विभागका प्रमुख डा. अरुण कुँवरले बताए।

एन्जाइटी र डिप्रेशन बढेसंगै बालबालिकामा जटिल समस्या पनि बढेको



एक चिकित्सकले बताए। पढाइमा असफल हुने, विद्यालय जान नमान्ने, नियमित काम गर्न नसक्ने, लागुपदार्थको लतमा फस्ने र आफैंलाई हानी पुऱ्याउने क्रियाकलाप गर्ने बालबालिका उपचारमा पुग्ने गरेको उनले बताए।

नेपाल प्रहरीको तथ्यांकमा गत आर्थिक वर्षमा सात हजार १९४ जनाले आत्महत्या गरेका थिए।

मानसिक समस्यामा पर्ने बालबालिका र किशोर-किशोरीमा एकल परिवारमा बस्ने बालबालिका, परिवार तथा विद्यालयमा उपेक्षामा परेका बालबालिका, परिवारमा निरन्तर झगडा हुने घरका बालबालिका, अभिभावकले मादक पदार्थ सेवन गर्ने परिवारका किशोर-किशोरी र वैदेशिक रोजगारीमा गएका अभिभावकका किशोर-किशोरीमा बढी देखिने गरेको छ।

परिवार तथा समाजको बदलिँदो संरचनाले बालबालिकाको हुर्काइ प्रक्रियामा असर पुग्ने गरेकाले वर्तमान बालबालिका र किशोर-किशोरीमा तनावको मुख्य कारण रहेको कान्तिबाल अस्पतालका बालमनोचिकित्सक डा. कुँवरले बताए।

वैदेशिक रोजगारीको कारण अभिभावकको समय नहुनु, सम्बन्ध विच्छेदको कारण एकल अभिभावकको भरमा हेरचाह हुनु, परिवारमा झगडा हुनु, सहरमा बालबालिकाको खेल्ने ठाउँको कमी र सामाजिक असुरक्षाका कारण बालबालिकाले घरभित्रै बस्नु पर्ने अवस्था तनावको कारण बनेको उनले बताए।

सामाजिक सञ्जालको बढ्दो प्रयोग, परिवारमा अभिभावकको व्यस्तता र पर्याप्त समय नदिनु, साथीहरूको हैसियत अनुसारको कपडा, खर्च र जीवनशैलीबीचको भिन्नताले पनि किशोर-किशोरीमा तनाव उत्पन्न गर्ने डा. अधिकारीले बताए।

डा. अधिकारीले बालबालिकाको शारीरिक र मानसिक विकास छिटो भएकोले प्रेम सम्बन्धमा छिटो प्रवेश र छिटै विग्रिने प्रक्रियाले पनि तनाव बढाएको बताए।

डिप्रेशनमा बालबालिकामा एक्लोपन महसुस, मूल्यहीन अनुभूति, उदासी, रमाइलो नलाग्नु, विद्यालय जान नचाहनु, झडङ्ग-रिस, झगडामा पर्नेजस्ता लक्षण देखिने गरेको छ। एन्जाइटी भएमा डर, त्रास, निन्द्रा नलाग्नु, प्यानिक अट्याक, छटपटी, मुटुको चाल बढ्नु, मन आत्तिनेजस्ता लक्षण देखिन्छ। चिकित्सकको सल्लाह अनुसार यस्ता लक्षण देखिएमा समयमै मनोचिकित्सककोमा लैजानुपर्ने चिकित्सकहरु बताउँछन्।

ढिला भएमा बालबालिका आफैंलाई हानी पुऱ्याउन, विद्यालय छोड्न वा आत्महत्यासम्मको प्रयास गर्न सक्छन्। जटिल अवस्थामा अभिभावक र विद्यालयले व्यवहारमा आएको परिवर्तन निगरानी गरी समयमै उपचार र मनोपरामर्श दिलाए जोखिम कम गर्न सकिन्छ।

अभिभावकले बालबालिकाको उचित माग पूरा गर्ने, विद्यालयले अध्ययनमा रुचि नहुने कारण खोजेर उपचार गर्ने, घर फर्केपछि बालबालिकालाई समय दिने, कुरा सुन्ने, घरभित्रै खेल्न मिल्ने खेलकुद खेल्ने, मोबाइल समय सीमा निर्धारण गर्ने, साथीहरूको व्यवहारमार्फत कुराकानी गर्ने उपाय अपनाएमा बालबालिकालाई तनावबाट बचाउन सकिने छ। बालबालिका र किशोर-किशोरीमा मानसिक स्वास्थ्यमा सुधार आउने चिकित्सकहरुको भनाइ छ।



# बैंक लुटपाटमा संलग्न सात जना पक्राउ



सिन्धुली । यहाँको घ्याङलेख गाउँपालिकामा रहेको नेपाल एसबिआई बैंकको शाखा लुटपाटमा संलग्न सात जनालाई प्रहरीले पक्राउ गरेको छ। घटनाबारे जिल्ला प्रहरी कार्यालयले शुक्रबार पत्रकार सम्मेलन गर्दै पक्राउ परेका व्यक्तिको विवरण सार्वजनिक गरेको हो ।जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक लालध्वज सुवेदीले पुस २९ गते साँझ ७:३० बजे बैंक लुटपाटमा संलग्न सात जना पक्राउ गरिएको र एक जना फरार रहेको जानकारी दिनुभयो।

उहाँका अनुसार काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका-१० का ४९ बर्षिय सुमो चालक भागवतसिंह थापा, सिन्धुलीको घ्याङलेख गाउँपालिका-२ का ४७ वर्षीय चतुरमान बज्यु, चितवनको भरतपुर महानगरपालिका-२ का २४ बर्षिय शशांक श्रेष्ठ, नुवाकोटको पञ्चकन्या गाउँपालिका-५ का २३ वर्षीय मिलन गिरी, सोही ठेगाना भएका १९ वर्षीय विवेक मगर, सिन्धुलीको घ्याङलेख गाउँपालिका-२ का ४४ वर्षीय छविलाल स्याङ्तान र एक जना नाबालक पक्राउ परेका छन् ।

पुस २९ गते साँझ उनीहरुले बैकको गार्ड रुद्रबहादुर कार्की तथा उक्त बैंकमा रहेका कर्मचार ीसमेतलाई नियन्त्रणमा लिएर लुटपाट गरेका थिए । बैंकका सुरक्षा गार्डलाई खुकुरीसमेत प्रहार गरी सामान्य घाइते बनाइ बैंक भित्र छिरी नगद लुटेर उनीहरु फरार भएका थिए।

घटनास्थलबाट करिब दुई किलोमिटर पूर्व लिपिखोलामा विएडि ०३९८ टाटा सुमो र चालक भागवतसिंहलाई फेला पारी निजलाई प्रारम्भिक रुपमा सोधपुछ गर्दा अपरिचित छ जनाले विवाहको लागि भनी उक्त टाटा सुमो काभ्रेको बनेपाबाट सोही दिन रिजर्भ गरी ल्याएको जानकारी पाएपछि चालकले दिएको हुलियाको आधारमा बैंक लुटपाटमा संलग्नको खोजिलाई तिव्र पारिएको थियो।

नेपाल एसबिआई शाखा कार्यालय घ्याङलेख शाखाका अनुसार उक्त दिन बैंकबाट रु तीन करोड सात लाख पैसा लुटी उनीहरुले लगेका थिए । पक्राउ परेकाहरुलाई चोरी तथा डाँकासम्बन्धी कसूरमा पाँच दिन म्याद थप भई अनुसन्धान भइरहेको। प्रहरीले रु दुई करोड ६८ लाख ५५ हजार १७५ बरामद गरेको छ । साथै उक्त घटनामा प्रयोग भएका दुई थान खुकुरी, एक थान प्लाष्टिकको पेस्तोल, मोबाइल पाँच थान, ठुलो पानी टेप एक थान, कालो रङको नकाब तीन थान र रातो रङको नकाब एक थान, कालो पञ्जा एक जोर बरामद गरिएको छ। रासस

# पर्सामा निर्वाचन प्रहरीका लागि मागभन्दा दोब्बर बढीको आवेदन



वीरगञ्ज । जिल्लामा आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आह्वान भएको निर्वाचन प्रहरीका लागि मागभन्दा दोब्बर बढीले आवेदन दिएका छन् ।

निर्वाचन प्रहरीमा भर्ना छनोट तथा नियुक्ति समिति पर्साले यहाँ नेपाल प्रहरी र सशस्त्र प्रहरी दुवैतर्फ गरेर दुई हजार ८५२ जना आवेदन माग गरेको थियो । यहाँ नेपाल प्रहरीतर्फ मात्रै पाँच हजार ३९९ जनाको आवेदन परेको छ। सशस्त्र प्रहरीतर्फ ३८५ निर्वाचन प्रहरीको आवेदन माग गरिएकामा माघ १ गतेसम्म ५२१ जनाले आवेदन दिएका छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता हरिबहादुर बस्नेतले निर्वाचन प्रहरीमा उल्लेखनीय आवेदन परेको जानकारी दिनुभयो। यहाँ पहिलो पटक आवेदन दिने पुरुषको सङ्ख्या तीन हजार १४७ जना रहेका छन् । नयाँ आवेदन दिने महिलाको सङ्ख्या भने ६०३ जना रहेका छन् । निर्वाचन प्रहरीमा विगतमा म्यादी प्रहरीको रूपमा खटिएका ६८७ जना पुरुष र १५३ जना महिलाको आवेदन परेको उहाँले बताउनुभयो ।

यस्तै, गरी पूर्वसुरक्षाकर्मीको तर्फबाट भने १२ जना पुरुष रहेका छन् भने विदेशी सैनिकबाट अवकाश प्राप्त गरेका एक जना रहेका छन् । सशस्त्र प्रहरी बल पर्साका सूचना अधिकारी मोहन निरौलाले निर्वाचन प्रहरीमा युवादेखि अन्य उमेर समूहको आकर्षण रहेको बताउनुभयो। सशस्त्र प्रहरीतर्फ माघ ३ गतेसम्म आवेदन दिन मिल्ने व्यवस्था गरिएको छ।

यसैगरी रौतहट जिल्लामा आह्वान गरिएको निर्वाचन प्रहरीमा नेपाल प्रहरी र सशस्त्रतर्फ गरेर छ हजार ७३६ जनाको आवेदन परेको छ। जसमा पाँच हजार ३४८ जना पुरुष र ९३६ जना महिलाको आवेदन परेको छ । रौतहटमा नेपाल प्रहरीतर्फ तीन हजार ४६६ जना र सशस्त्र प्रहरीतर्फ ३८५ जनाको आवेदन माग गरिएको थियो ।रासस

# एमाले केन्द्रीय कार्यालयमा उम्मेदवारको नाम प्राप्त




काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कार्यालयले आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि तल्लो तहबाट आकाङ्क्षी उम्मेदवारको सिफारिस नाम प्राप्त गरेको छ।

जिल्ला हुँदै प्रदेश कमिटीले निर्वाचनका लागि पठाएको नाममा केन्द्रीय कार्यालयलाई प्राप्त भएको एमाले सचिव डा राजन भट्टराईले जानकारी दिनुभयो। उहाँले अनुसार चाँडै नै निर्वाचन लागि प्राप्त भएका उम्मेदवारका विषयमा टुङ्गो लगाइने बताउनुभयो। "सबै जिल्ला हुँदै प्रदेश कमिटीबाट आगामी निर्वाचनका लागि उम्मेदवारका नाम आएका छन्", उहाँले भन्नुभयो, "कुनै निर्वाचन क्षेत्रबाट एकल र कुनैबाट एकभन्दा बढी उम्मेदवारको नाम सिफारिस भई आएका छन्, हामीले चाँडै नै निर्वाचन क्षेत्रबाट उठ्ने उम्मेदवारको नाम टुङ्गो लगाउँछौँ।"

एमालेले कम्तीमा एक महिलासहित तीन जनाको नाम सिफारिस गर्न निर्देशन दिएको थियो।

कुनैकुनै निर्वाचन क्षेत्रबाट तीनभन्दा पनि बढी उम्मेदवारको नाम जिल्ला कमिटीले सिफारिस गरी पठाएका उहाँको भनाइ रहेको छ। निर्वाचनका लागि यही माघ ६ गते उम्मेदवारी मनोनयन गर्ने कार्यतालिका रहेको छ। रासस

# सुशासनको सुरुआत आफूबाटै हुनुपर्छः मन्त्री इङ्नाम



काठमाण्डु । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रा डा कुमार इङ्नामले सुशासनको सुरुआत अब हरेक निकाय र व्यक्ति आफैँबाट हुनुपर्ने बताउनुभएको छ। शुक्रबार कागेश्वरी मनोहरा नगरपालिकाको कार्यालयबाट जग्गा प्रशासनसम्बन्धी मालपोत कार्यालयका सेवा-सुविधा प्रदान गर्ने कार्यको शुभारम्भ कार्यक्रममा उहाँले भ्रष्टाचार, विचौलिया र दलालीलाई निस्तेज नगरी सुशासन सम्भव नहुने स्पष्ट पार्नुभयो।

मन्त्री प्रा डा इङ्नामले मालपोत कार्यालयलगायत सार्वजनिक निकायमा व्याप्त भ्रष्टाचार, विचौलिया र दलाली प्रवृत्तिको सबै तहबाट कडा विरोध गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ। सुशासनको स्थापनाका लागि अब नेतृत्व तहदेखि कर्मचारी र आमनागरिकसम्म सबैले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्ने उहाँको भनाइ थियो। मन्त्री प्रा डा इङ्नामले कुशासनको अन्त्य गर्दै पारदर्शी र जवाफदेही प्रशासनिक प्रणाली विकास गर्नु आजको अपरिहार्यता भएको बताउनुभयो। "हामी सबै कुशासनविरोधी कुरा गर्छौं। अब सुशासनको सुरुआत हामीबाट नै हुनुपर्छ। भ्रष्टाचारविरुद्ध दृढतापूर्वक उभिन सक्नुपर्छ। विचौलिया र दलालीको सामूहिक रूपमा विरोध गर्न सक्नुपर्छ", उहाँले भन्नुभयो।

मन्त्री प्रा डा इङ्नामले हाल आमनागरिक कुशासनका कारण विभिन्न समस्यामा परिरहेको उल्लेख गर्दै कुशासनको मूल जड नै भ्रष्टाचार भएको छ। रासस

# विभिन्न ठाउमा निर्वाचन अधिकृतको कार्यालय स्थापना

काठमाण्डु । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तनहुँमा मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ। साविक सामाजिक विकास कार्यालय तनहुँको भवनमा शुक्रबार मुख्य निर्वाचन अधिकृत एवं तनहुँ क्षेत्र नं १ को कार्यालय र शुक्लागण्डकी नगरपालिकाको कार्यालयमा क्षेत्र नं २ को निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो।

मुख्य निर्वाचन अधिकृतको कार्यालयको मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद उपाध्यायल शुक्रबारै उद्धाटन गर्नुभयो। सो अवसरमा उहाँले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो। लोकतन्त्रको उत्तम विकल्प निर्वाचन रहेको बताउँदै उहाँले ढुक्कसँग निर्वाचनमा सहभागी हुने वातावरण सिर्जना गरिने उल्लेख गर्नुभयो। प्रमुख जिल्ला अधिकारी शिव तिवारीले निर्वाचनमा सुरक्षा प्रबन्ध मजबुद बनाइने बताउँदै निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्नु सबैको दायित्व भएको उल्लेख गर्नुभयो।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख विकास लम्सालले निर्वाचनको आन्तरिक तयारी तीव्र गतिमा अगाडी बढेको बताउनुभयो । मतदान सामग्री, जनशक्ति व्यवस्थापनलगायत तयारी भइरहेको जनाउँदै उहाँले निर्वाचन सफल बनाउन सबैको सहयोगको अपेक्षा गर्नुभयो । प्रमुख जिल्ला अधिकारी तिवारी, शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डित, प्रहरी उपरिक्षक टेकबहादुर कार्कीको उपस्थितिमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो। जिल्लामा दुई लाख ५४ हजार ३९७ मतदाता कायम भएका छन्। जिल्लामा दुई वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेका छन्।

**रसुवामा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना**

आगामी फागुनमा हुने प्रतिनिधिसभा सदस्यका लागि निर्वाचन सम्पन्न गराउन शुक्रबार रसुवामा मुख्य निर्वाचन कार्यालय स्थापना गरिएको छ । जिल्ला अदालतको भवनमा स्थापना गरिएको उक्त कार्यालयको मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश ध्रुवकुमार उप्रेतीले एक कार्यक्रमका बीचमा उद्धाटन गर्नुभयो।

शुक्रबार शान्तिपूर्ण वातावरणमा निर्वाचन, कर्मचारी व्यवस्थापन, सामग्रीको व्यवस्थापन, सवार ीसाधन परिचालन र आपसी सहयोगसमेतका विषयमा अन्तर्क्रिया भएको छ । प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, सञ्चारकर्मी जिल्ला समन्वय प्रमुखलगायतको उपस्थितिमा उद्धाटन तथा अन्तरक्रिया गरिएको हो।

रसुवामा ५७ मतदान केन्द्रबाट कुल ४१ हजार ४७१ मतदाताले मतदान गर्ने जनाइएको छ । कार्यक्रममा प्रजिअ राजेश पन्थीले भयरहित वातावरणमा मतदातालाई आफ्नो मताधिकार प्रयोग गर्ने वातावरणका लागि पूर्ण रूपमा सुरक्षा प्रबन्ध मिलाइने जानकारी गराउनुभयो।




**तयारी तीव्र, कार्यालय स्थापना**

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्लामा तयारी तीव्र पारिएको छ । जिल्लामा निर्वाचन सम्पन्न गर्न जिल्ला न्यायाधीश प्रेमप्रसाद न्यौपाने मुख्य निर्वाचन अधिकृतसहित निर्वाचन क्षेत्र नं २ का निर्वाचन अधिकृत तोकिएको छ। जिल्ला न्यायाधिवक्ता टीकाभूषण घिमिरेलाई निर्वाचन क्षेत्र नं १ का लागि निर्वाचन अधिकृत नियुक्त गरिएको छ।

जिल्लास्थित दुईवटा निर्वाचन क्षेत्रमा शुक्रबार कार्यालय स्थापनासमेत गरिएको छ । जिल्लामा निर्वाचनका लागि दुई हजार ४०० कर्मचारी तथा एक हजार २०० स्वयंसेवक खटाइने जनाइएको छ। जिल्ला निर्वाचन कार्यालयका अनुसार दुईवटा निर्वाचन क्षेत्रमध्ये १८९ मतदानस्थल, चार सय मतदान केन्द्रमा मतदान गर्ने तीन लाख २६ हजार ६११ मतदाता छन्।

जिल्लामा दुई हजार २६९ निर्वाचन प्रहरी खटाइने भएको जिल्ला प्रहरी कार्यालय धुलिखेलले जनाएको छ। काभ्रेपलाञ्चोकमा तीन लाख २६ हजार ६११ मतदाता कायम भएका छन्। यसमध्ये एक लाख ६७ हजार ४९९ पुरुष, एक लाख ५९ हजार ११० महिला, अन्य दुई मतदाता छन्। जिल्ला निर्वाचन अधिकारी दिनेश शिवाकोटीले निर्वाचनका लागि आवश्यक तयारी भइरहेको बताउनुभयो।

**महोत्तरीमा चार निर्वाचन अधिकृतको कार्यालय स्थापना**

प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ का लागि महोत्तरीमा शुक्रबार चार निर्वाचन क्षेत्रमा अधिकृतको कार्यालय स्थापना गरिएको छ। जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाका अनुसार जिल्ला सदरमुकाम जलेश्वरमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ।

जलेश्वर निर्वाचन क्षेत्र नं ३ मा पर्दछ । जलेश्वरको वडा नं २ मा अवस्थित जिल्ला समन्वय समितिको कार्यालयमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो । चारवटा निर्वाचन क्षेत्र रहेको महोत्तरीको निर्वाचन क्षेत्र नं १ को निर्वाचन अधिकृतको कार्यालय बर्दिबास नगरपालिका-३ स्थित बर्दिबास उद्योग वाणिज्य सङ्घमा स्थापना गरिएको छ।

त्यस्तै, निर्वाचन क्षेत्र नं ३ का लागि जिल्लाको बलवा नगरपालिका-७ स्थित आधारभूत अस्पतालको कार्यालय बनौटामा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो । निर्वाचन क्षेत्र नं ४ का लागि जिल्लाको रामगोपालपुर नगरपालिका-५ मा अवस्थित श्री महेन्द्र राष्ट्रिय मावि रामगोपालपुरमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको जिल्ला निर्वाचन अधिकारी झाले बताउनुभयो।

जिल्लाको निर्वाचन अधिकृतहरूको कार्यालय स्थापना कार्यक्रममा प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवसहित चारवटै सुरक्षा निकायसहित सञ्चारकर्मीको उपस्थिति थियो। आसन्न निर्वाचनका लागि जिल्लामा २५८ मतदानस्थल, ५३६ मतदान केन्द्र र चार लाख ३१ हजार २८२ जना मतदाता कायम भएका छन्।

**मोरङमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मोरङमा आज मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ । मुख्य निर्वाचन अधिकृत भीष्मराज प्रसाईँले विराटनगरको देवकोटा चोकस्थितस्थित जिल्ला समन्वय समितिको कार्यालयमा स्थापना गरिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयको उद्धाटन गर्नुभयो । योसँगै आजै मोरङका छवटै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ। वेलबारी, उर्लाबारी, रतुवामाई नगरपालिका, विराटनगरको कोशी प्रोजेक्ट तथा विराटनगरको पोखरियास्थित बाल उद्यान केन्द्र तथा जिल्ला समन्वय समितिको कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख चोलाराज दङ्गालले जानकारी दिनुभयो ।मुख्य निर्वाचन अधिकृत प्रसाईँले सञ्चारकर्मीसँग संक्षिप्त कुरा गर्दै फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा निर्वाचनको तयारी तीव्र बनाइएको जानकारी दिनुभयो । यही माघ ४ गते आगामी निर्वाचन सम्बन्धमा जिल्लाका सबै राजनीतिक दलहरूसँग सर्वदलीय छलफल गर्ने उहाँले बताउनुभयो।

मुख्य निर्वाचन अधिकृतको कार्यालय उद्धाटन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी युवराज कट्टेल, मोरङ प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक एसपी कबित कटवाल, प्रदेश निर्वाचन अधिकारी चोलाराज दङ्गाललगायतको सहभागिता थियो । प्रतिनिधिसभा निर्वाचनमा मोरङको छवटा निर्वाचन क्षेत्रमा ३०६ वटा मतदानस्थल र ८८८ वटा मतदान केन्द्र निर्धारण गरिएको छ । मोरङमा सात लाख ८३ हजार ५० मतदाता रहेका छन् । त्यसमध्ये पुरुष तीन लाख ९९ हजार ६८६ र महिला तीन लाख ८३ हजार ३५७ तथा अन्यमा सात जना रहेको निर्वाचन कार्यालयका प्रमुख दङ्गालले बताउनुभयो।

**सुनसरीमा निर्वाचन अधिकृतको कार्यालय स्थापना**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सुनसरीमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ । सुनसरीको मुख्य निर्वाचन अधिकृतको कार्यालय निर्वाचन क्षेत्र नं ४ अन्तर्गत इनरुवास्थित शिक्षा तालिम केन्द्रमा स्थापना गरिएको हो।

निर्वाचन क्षेत्र नं ३ को निर्वाचन अधिकृतको कार्यालय दुहवीस्थित पशु सेवा तालिम केन्द्रमा स्थापना गरिएको छभने निर्वाचन क्षेत्र नं २ को कार्यालय इनरुवास्थित शिक्षा तालिम केन्द्रमै स्थापना गरिएको छ । निर्वाचन क्षेत्र नं १ को निर्वाचन अधिकृतको कार्यालय भने धरान-८ स्थित सभागृहमा स्थापना गरिने सुनसरी प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले जानकारी दिनुभयो।

जिल्लामा मुख्य निर्वाचन अधिकृतका रूपमा प्रकाश राउतलाई तोकिएको छभने निर्वाचन अधिकृतका रूपमा दिव्यराज घिमिरे, राजेन्द्रकुमार लम्साल र पदमबहादुर कार्कीलाई तोकिएको छ। कार्यलय स्थापना भएसँगै शुक्रबारदेखि निर्वाचन सम्बन्धी सम्पूर्ण प्रक्रिया निर्वाचन अधिकृतको कार्यालयमार्फत सञ्चालन हुने जिल्ला निर्वाचन कार्यालय प्रमुख कृष्ण पौडेलले जानकारी दिनुभयो। चार निर्वाचन क्षेत्र रहेको सुनसरीमा पाँच लाख ८० हजार ९४५ जना मतदाता रहेका छन्।

**दिक्तेलमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना**

आगामी फागुन-२१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि खोटाङको दिक्तेल बजारमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ। निर्वाचन व्यवस्थापन, मतदाता शिक्षा, उम्मेदवारी दर्ता, निर्वाचन आचारसंहिता कार्यान्वयन तथा समग्र निर्वाचन प्रक्रिया प्रभावकारी बनाउन शुक्रबार जिल्ला अदालत खोटाङमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो।

जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारमा स्थापना गरिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट निर्वाचनसम्बन्धी सम्पूर्ण प्रशासनिक तथा प्राविधिक कार्य सञ्चालन गरिने जनाइएको छ। जिल्लामा मुख्य निर्वाचन अधिकृतकको कार्यालय स्थापना गरिएसँगै प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी औपचारिकरूपमा अघि बढेको छ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय बनाउन आवश्यक सबै तयारी अघि बढाएको छ। निर्वाचन प्रक्रियामा सरोकारवालाको सहभागिता, मतदाताको सहज पहुँच र कानुनको पूर्ण पालना सुनिश्चित गरिने मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश फणिन्द्रप्रसाद पराजुलीले बताउनुभयो। दिक्तेलमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना भएसँगै खोटाङमा निर्वाचनको सरगर्मी बढेको छ । आगामी निर्वाचन सफल बनाउन सरोकारवाला निकायहरूले पनि सहकार्य र समन्वयलाई तीव्र बनाउने प्रतिबद्धता जनाएका छन्।

आगामी निर्वाचनलाई सफल बनाउन नेपाली सेना, नेपाल प्रहरी सशत्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान आयोगको टोलीलाई समेत परिचालन गरिने बताइएको छ। निर्वाचन सुरक्षाका लागि प्रत्येक मतदानस्थललाई केन्द्रित गरेर सुरक्षा व्यवस्थामा समेत कडाइ गरिने जिल्ला प्रशासन कार्यालय खोटाङले बताएको छ । आगामी निर्वाचनका लागि खोटाङमा एक हजार २८२ जना निर्वाचन प्रहरी नियुक्त गरिने जनाइएको छ। निर्वाचन प्रहरीका लागि आवेदन दिने युवाको उत्साहजनक सहभागिता रहेको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रमुख प्रहरी नायव उपरीक्षक प्रकाश बुढाथोकीले जानकारी दिनुभयो। रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | काममा नयाँ अवसर देखिन सक्छ। परिवारको साथले मन खुशी रहनेछ। |
| वृष : | धैर्यले काम गर्दा सफलता मिल्नेछ। अधुरो काम पूरा हुने सम्भावना छ। |
| मिथुन : | आज संवादले ठुलो भुमिका खेल्नेछ। कामकाजमा प्रशंसा पाउन सक्नुहुन्छ। |
| कर्कट : | भावनामा बहकिने सम्भावना छ। आर्थिक लेनदेन सोचेर गर्नुहोस्। |
| सिंह : | नेतृत्व क्षमताले सफलता दिलाउने छ। काममा जिम्मेवारी बढ्ने सक्छ। |
| कन्या : | आज योजना अनुसार काम अघि बढ्नेछ। |
| तुला : | सन्तुलन कायम राख्नुपर्ने दिन हो। काम र परिवार दुवै सम्हाल्नुपर्नेछ। |
| वृश्चिक : | आज निर्णय गर्दा सतर्क रहनुहोस्। काममा प्रतिस्पर्धा बढ्न सक्छ। |
| धनु : | आशावादी सोचले सफलता ल्याउनेछ। नयाँ सिकाइको अवसर मिल्नेछ। |
| मकर : | परिश्रमको फल पाइने समय हो। काममा जिम्मेबारी बढ्न सक्छ। |
| कुम्भ: | नयाँ विचारले मन उत्साहित हुनेछ। |
| मीन : | आज भावना प्रबल रहनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनवरी ९, २०२६ मा लागोसको तैरिरहेको बस्ती माकोकोमा घरहरू भत्काउने क्रममा पिरोगहरूमा रहेका मानिसहरू आफ्नो बाटो हिँडिरहेका छन् । अधिकारीहरूले लागोसको मुटुमा रहेको लगुनमाथि स्टिल्टमा बनेको अफ्रिकाको सबैभन्दा ठूलो र सबैभन्दा प्रतिष्ठित तैरिरहेको बस्ती माकोकोमा सयौं काठका झुपडीहरू भत्काएका छन् । यो अपरेशन अधिकारीहरूले अवैध संरचनाहरू भनेर वर्णन गरेको कुरा हटाउन र आधुनिक घरजग्गा विकासको लागि पानीको किनारको जग्गा पुनः प्राप्ति गर्ने चलिरहेको अभियानको एक हिस्सा हो । *(फोटो एएफपी)*

# लामिछानेको मुद्दा फिर्ता गर्ने निर्णयमा बारको आपत्ति




काठमाण्डु । नेपाल बार एसोसिएसनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा फिर्ता गर्ने निर्णय अनुचित भएको जनाएको छ ।

बारका महासचिव केदारप्रसाद कोइरालाले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा महान्यायाधिवक्ता कार्यालयको लामिछानेको उक्त मुद्दा फिर्ता लिने निर्णय अनुचित भएको जनाएको हो । “अपराधको राजनीतिकरण र राजनीतिको अपराधिकरणले दण्डहीनतालाई प्रश्रय दिई फौजदारी न्यायको आत्मा मार्ने भएकाले कानुनी शासनको प्रत्याभूतिका लागि उक्त निर्णयको विरोध गर्दछौँ”, बारले भनेको छ, “अतः उल्लिखित निर्णय तत्काल फिर्ता लिनका लागि समेत यस एसोसिएसन माग गर्दछ ।”

बारले फौजदारी न्याय प्रशासन स्वतन्त्र, निष्पक्ष र पारदर्शी हुनुपर्दछ भन्ने मान्यता बारले निरन्तर दिँदै आएको र मुद्दा फिर्तासम्बन्धी उक्त निर्णय प्रचलित कानुनी व्यवस्था र यसअघि सर्वोच्च अदालतले मुद्दा फिर्तासम्बन्धी प्रतिपादन गरेका सिद्धान्तविपरीत भएको जनाएको छ ।“यस प्रकारको छनोटपूर्ण निर्णयले अदालतको क्षेत्राधिकार समेतमा आघात पुगी स्वतन्त्र न्यायापलिकाको अवधारणामा नै असर पुर्याउँदछ”, विज्ञप्तिमा भनिएको छ, “यस विषयले फौजदारी न्याय प्रणालीमा नै गम्भीर विचलन ल्याई कानुनको शासनको उल्लङ्घन भई कार्यकारीको स्वेच्छाचारितालाई बढावा दिने स्पष्ट छ ।”

महान्यायाधिवक्ता कार्यालयले गत पुस ३० गते लामिछानेको ठगी तथा सहकारी ठगीमा दाबी गरिएको अभियोग कायम गरी सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग दाबी निजको हकमा कायम नरहने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ बमोजिम अभियोग संशोधन हुनेगरी स्वीकृति दिने निर्णय गरेको थियो ।रासस

# डा.राजीव झालाई कतारमा सम्मान



टुडे समाचारदाता

कतार । मधेशी एकता समाज कतारको आयोजनामा अंग्रेजी नयाँ वर्ष २०२६ तथा माघे संक्रान्ति पर्वको अवसरमा स्वागत-सम्मान तथा शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भएको छ । बिहीबार (१५ जनवरी २०२६) मुन्ताजा स्थित गोर्खाली रेस्टुरेन्टको सभाहलमा समाजले भव्य रूपमा कार्यक्रम सम्पन्न गरेको हो ।

कार्यक्रम मधेशी एकता समाज कतारका अध्यक्ष अली हुसैन राइनको अध्यक्षतामा सम्पन्न भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथिका रूपमा नेपाल राष्ट्रिय मुक्ति पार्टी नेपालका उपाध्यक्ष तथा क्लोथ बैंक नेपालका अध्यक्ष डा. राजीव झा सहभागी थिए । मन्तव्यका क्रममा उनले मधेशको समग्र विकास, सामाजिक एकता र राजनीतिक स्थिरता बिना देशको दिगो प्रगति सम्भव नहुने स्पष्ट पारे ।

कार्यक्रममा विशेष अतिथिका रूपमा मधेशी एकता समाजका अन्तर्राष्ट्रिय उपाध्यक्ष राजीव झा, एनआरएनए कतारका अध्यक्ष कृष्ण पन्थी तथा मधेशका विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । अन्तर्राष्ट्रिय उपाध्यक्ष झाले मधेशको विकास, अधिकार र राजनीतिक स्थायित्वका लागि सबै संघ-संस्थाहरू एकजुट हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा उपस्थित वक्ताहरूले मधेशको आर्थिक, सामाजिक तथा शैक्षिक विकाससँगै राजनीतिक स्थिरता आजको प्रमुख आवश्यकता रहेको भन्दै आपसी सहकार्य र एकताको आवश्यकता औँल्याएका थिए ।

संस्थाका कोषाध्यक्ष गौतम शर्माले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्य र माघे संक्रान्ति पर्वको सांस्कृतिक महत्वबारे प्रकाश पारेका थिए भने मिडलिस्ट कोअर्डिनेटर अभय कुमार ठाकुरले कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरे ।

कार्यक्रमको सहजीकरण महासचिव चन्द्रवीर यादवले गरेका थिए । उनले मन्तव्यका क्रममा मधेशको शिक्षा क्षेत्रप्रति गम्भीर चिन्ता व्यक्त गर्दै गुणस्तरीय शिक्षा बिना विकास सम्भव नहुने बताए । शिक्षा सुधारका लागि राज्य, राजनीतिक दल तथा सामाजिक संघ-संस्थाहरूले तत्काल जिम्मेवारी लिनुपर्नेमा उहाँले कडा शब्दमा जोड दिए ।

कार्यक्रमको औपचारिक सुरुआत ब्यानर अनावरण, दीप प्रज्वलन, राष्ट्रगान तथा दिवंगत आत्माप्रति एक मिनेट मौनधारणबाट गरिएको थियो। सहभागी अतिथि, पदाधिकारी तथा मधेशी समुदायको उल्लेखनीय उपस्थितिले कार्यक्रम भव्य र सफल भएको आयोजकले जनाएको छ ।

> शिक्षा सुधारका लागि राज्य, राजनीतिक दल तथा सामाजिक संघ-संस्थाहरूले तत्काल जिम्मेवारी लिनुपर्नेमा उहाँले कडा शब्दमा जोड दिए ।

## सिरहाको गोसाइ डाँडा ताल :
# पर्यापर्यटनको सङ्गम



सिरहा । चुरे क्षेत्रको प्राकृतिक सौन्दर्य, जलसंरक्षण र स्थानीय रोजगारीलाई एउटै सूत्रमा बाँध्दै सिरहाको लहान नगरपालिका-१५ मा रहेको ‘गोसाइ डाँडा ताल’ अहिले आन्तरिक पर्यटकको नयाँ आकर्षण बन्दै गएको छ। झवाई खोल्सी क्षेत्रभित्र सामुदायिक वनको पहलमा निर्माण गरिएको यो तालले पर्यापर्यटनसँगै जलवायु अनुकूलन र स्थानीय आर्थिक उत्थानलाई एकैसाथ जोडेको छ ।

पानीमा देखिने दृश्य, चारैतिर फैलिएको हरियाली वन र तालमा डुङ्गा चढेर रमाइरहेका आन्तरिक पर्यटकहरूले झवाई खोल्सी क्षेत्रलाई अझ जीवन्त र आकर्षक बनाएको छ । पाँच वर्षअघि सामुदायिक वन उपभोक्ता समूहको पहलमा निर्माण गरिएको ‘गोसाइ डाँडा ताल’ अहिले लहान क्षेत्रकै प्रमुख आन्तरिक पर्यटकीयस्थलका रूपमा क्रमशः विकास हुँदै गएको झवाई खोल्सी चुरिया डाँडा सामुदायिक वनका अध्यक्ष लगनलाल चौधरी बताउनुहुन्छ ।

अध्यक्ष चौधरीका अनुसार हाल विशेषगरी शनिबार र सार्वजनिक बिदाका दिनमा यहाँ आन्तरिक पर्यटकको उल्लेख्य चहलपहल देखिन थालेको छ । “यस क्षेत्रको प्राकृतिक सौन्दर्यका कारण यहाँ आउने पर्यटकको सङ्ख्या निरन्तर बढ्दै गएको छ”, उहाँले भन्नुभयो, “यदि ताल क्षेत्रको थप सौन्दर्यीकरण गर्न सकियो, डुङ्गाको सङ्ख्या बढाइयो, बालबालिकाका लागि चिल्ड्रेन पार्क, पर्यटक विश्रामका लागि गोलघर तथा अन्य आवश्यक संरचना निर्माण तथा भएका संरचनाको स्तरोन्नति गर्न सकियो भने झवाई खोल्सीलाई निकट भविष्यमा मधेस प्रदेशकै नमूना पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना प्रबल छ ।”

पूर्वपश्चिम राजमार्गअन्तर्गत लहान बजारबाट करिब १० किलोमिटर उत्तरमा अवस्थित यो ताल झण्डै दुई बिघा क्षेत्रफलमा फैलिएको छ । तालको चारैतिर रहेका साना-ठूला पोखरीहरूले यस क्षेत्रको प्राकृतिक सौन्दर्य अझै बढाएको छ । चुरे क्षेत्रको सिमसार क्षेत्रलाई संरक्षण गर्दै जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने उद्देश्यले ताल निर्माण गरिएको हो ।

चुरे क्षेत्रमा भूमिगत पानीको सतह घट्दै गएको सन्दर्भमा गोसाइ डाँडा तालले महत्त्वपूर्ण भूमिका खेलेको छ। विशाल तालको पानीले ‘वाटर रिचार्ज’को काम गर्नुका साथै सिमसार क्षेत्रको संरक्षणमा सहयोग पुगेको वडाध्यक्ष तेजुलाल चौधरीको भनाइ छ। उहाँले भन्नुभयो, “यस प्रकारका ताल र पोखरीले चुरे क्षेत्रको जलाधार संरक्षणमा दीर्घकालीन योगदान पुर्याउँछन् । त्यसैले यस्ता जलाधार क्षेत्रको संरक्षणमा हामीले विशेष ध्यान दिएका छौँ । स्थानीयलाई प्रोत्साहन गरेका छौँ ।”

गोसाइ डाँडा तालको सिमसार क्षेत्रको पानीलाई सङ्कलन गरी आवश्यकताभन्दा बढी पानी सिँचाइका लागि प्रयोग गर्ने सम्भावनाको अध्ययनपछि भूसंरक्षण तथा सिँचाइ कार्यालयले यहाँ लगानी गरेको छ । झवाई खोल्सीको पानी प्रयोग गरी बानोगाउँका किसानले तरकारी, गहुँ, धानलगायत बाली उत्पादन गर्न थालेपछि थारू र मुसहर समुदायको जीवनस्तरमा सुधार आएको छ ।

यस क्षेत्रको विशेषता भनेकै स्थानीय थारू र मुसहर समुदायको सक्रिय सहभागिता हो । सामुदायिक वनको संरक्षण, तालको व्यवस्थापन र सौन्दर्यीकरणमा स्थानीयकै अग्रसरताले यो क्षेत्र उदाहरणीय बन्दै गएको छ । झवाई खोल्सी संरक्षण समितिका सचिव आनन्दलाल चौधरीका अनुसार खोल्सी दहमा माछापालन गरेर वार्षिक करिब रु दुई लाख आम्दानी भइरहेको छभने वनको डालापात र दाउरा बिक्रीबाट थप रु पाँच लाख आम्दानी हुने गरेको छ। “यसले सामुदायिक वनको दिगो व्यवस्थापनसँगै स्थानीयको आयआर्जनमा ठोस टेवा पुगेको छ”, उहाँले भन्नुभयो ।

ताल क्षेत्रमा बोटिङ, विश्रामस्थल, घुम्ने बाटो, शौचालय, वनभोजस्थलजस्ता संरचना निर्माण भइसकेका छन् । यस सामुदायिक वनका अध्यक्ष चौधरीका अनुसार महादेव र हनुमान मन्दिर निर्माण अन्तिम चरणमा रहेको छभने भविष्यमा भ्यूटावर निर्माण गर्ने योजना पनि रहेको छ ।

तालको बीचमा रहेको जमिनले यसलाई अझै आकर्षक बनाएको स्थानीय बताउँछन्, जसका कारण यहाँ आउने पर्यटकलाई पोखराको फेवातालको झल्को मिल्ने गरेको छ। स्थानीय बासिन्दा अशोक चौधरी भन्नुहुन्छ, “तालको बीचमा देखिने यो जमिनले यहाँको दृश्य निकै फरक र सुन्दर बनाएको छ । धेरैले त पहिलोपटक देख्दा फेवातालजस्तै लागेको प्रतिक्रिया दिनुहुन्छ, यही कारण यहाँ आउने पर्यटक झन् आकर्षित भइरहेका छन् ।”

लहान नगरपालिकाले झवाई खोल्सी डाँडामा शिव मन्दिर निर्माण, गाउँसम्म पुग्ने सडक ढलान तथा थारू परिकारमार्फत पर्यटकलाई आकर्षित गर्ने उद्देश्यले थारू संस्कृति होमस्टे व्यवस्थापनसमेत सुरु गरिसकेको छ। यस क्षेत्रको थप विकासका लागि बाधक बनिरहेको बानो खोलामा पुल निर्माणको काम सुरु भइसकेको छ। पुलका लागि आवश्यक पिलर निर्माण भइसकेको र आगामी असार मसान्तसम्म बाँकी काम सम्पन्न गर्ने लक्ष्य राखिएको नगरप्रमुख महेशप्रसाद चौधरीले जानकारी दिनुभयो । उहाँका अनुसार पुल निर्माणका लागि रु ३५ लाख बजेट विनियोजन गरिएको छ।

झवाई खोल्सी क्षेत्रलाई प्राकृतिक पर्यटकीयस्थलका रूपमा विकास गर्न लामो समयदेखि पहल भइरहे पनि यस क्षेत्रबाट निर्वाचित नेपाली कांग्रेसका नेता स्वर्गीय प्रदीप गिरीले स्थलगत भ्रमण गरी बजेट विनियोजन गरेपछि मात्र स्थानीय र प्रदेश सरकारको ध्यान केन्द्रित भएको सामुदायिक वनका अध्यक्ष चौधरीले स्मरण गर्नुभयो ।

उहाँका अनुसार लहानकै राजदेवी र हात्ती दहजस्ता प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल आउने पर्यटकलाई झवाई खोल्सी हुँदै गोसाइ डाँडा तालसम्म ल्याउने उद्देश्यका साथ काम भइरहेको छ । उहाँले भन्नुभयो, “पर्याप्त प्रचारप्रसार गर्न सके संरक्षण, पर्यटन र समृद्धिलाई एउटै सूत्रमा बाँध्दै अघि बढिरहेको गोसाइ डाँडा ताल अब केही वर्षभित्रै मधेस प्रदेशकै नमूना पर्यापर्यटन गन्तव्य बन्ने अपेक्षा गरेका छौँ ।”रासस

## दललाई चुनावी प्रतिष्पर्धामा सहयोग गर्न आचारसंहिता:
# कार्यवाहक प्रमुख आयुक्त भण्डारी



काठमाण्डु । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले राजनीतिक दललाई चुनावी प्रतिष्पर्धामा जान सहयोग पुगोस् भन्ने उद्देश्यले नै आचारसंहिता जारी गरिएको बताउनुभएको छ ।

निर्वाचन आयोगले निर्वाचन आचारसंहिता-२०८२ कार्यान्वयनका सम्बन्धमा शुक्रबार आयोजना गरेको राजनीतिक दलहरुसँगको छलफल कार्यक्रमलाई सम्बोधन गर्दै कार्यवाहक प्रमुख आयुक्त भण्डारीले प्रतिष्पर्धाका लागि सहयोग गर्ने उद्देश्यले नै महिनौँअघि मस्यौदा तर्जुमा गरी राजनीतिक दल, संवैधानिक निकायलगायत सरोकार भएका सरकारी कार्यालयबाट राय सुझाव माग गरी त्यसका आधारमा अन्तिम रुप दिई जारी गरिएको बताउनुभयो । यसअघि आयोगले जारी गरेका आचारसंहितालाई समसामयिक बनाएर अहिलेको आचारसंहिता तर्जुमा गरिएको उहाँले बताउनुभयो ।

“धेरै ऐन पढ्न नपरोस् भनी त्यहाँ भएका विषयलाई आचारसंहितामा समेटिएको छ, आचारसंहिता उल्लङ्घन गर्नेलाई स्पष्टीकरण सोध्छौँ, चित्त नबुझेमा सजायमुखी प्रावधान अनुसार कारबाही गर्छौं, सामाजिक सञ्जालका माध्यमबाट गरिने आचारसंहिता उल्लङ्घनका विषयलाई नियमन गर्न मेटालगायत कम्पनीलाई अनुरोध गरेका छौँ, कुनै दल वा उम्मेद्वारले मतदातालाई पैसा बाँडेको सूचनामात्र आयोगलाई दिएमा कारबाही गर्नेछौँ”, उहाँले भन्नुभयो ।

कुनै पनि दल वा उम्मेद्वारलाई ‘नो, नट, एगेन’ भनी सामाजिक सञ्जालमा प्रचारप्रसार गर्नु आचारसंहिता विपरीत हुने उल्लेख गर्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले त्यस्ता व्यक्तिलाई कारबाही गरिने बताउनुभयो । निर्वाचनमा हेलिकोप्टर प्रयोग गर्न नदिए आयोगबाट हटेपछि देखाइदिन्छु भनी सन्देश पठाउने पनि छन् तर त्यसबाट आयोगका पदाधिकारी नडराएको उहाँले बताउनुभयो ।

निर्वाचन आयुक्त सगुनशम्शेर जबराले उम्मेद्वार र उहाँका परिवारका सदस्यको बैङ्क खाताको पनि अनुगमन गरिने बताउनुभयो । चुनावका क्रममा अनियमित रुपमा आउने धेरै पैसा प्रयोग भयो भन्ने गुनासोलाई सम्बोधन गर्न यस्तो व्यवस्था गरिएको उहाँको भनाइ थियो । नेपाली सेनाको सहयोग लिएर ‘सोसल मिडिया’ अनुगमन गरिने आयुक्त जबराले बताउनुभयो ।

निर्वाचन स्वच्छ र निष्पक्ष बनाउन नै आचारसंहिता जारी गरिएकाले उल्लङ्घन गर्ने उम्मेद्वारलाई स्पष्टीकरण सोधेर उम्मेद्वारी रद्ध गर्नेसम्मको कारबाहीमा जान सकिने गरी व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो । निर्वाचनमा प्लाष्टिकजन्य चीजबीजको उपयोग नगरी हरित निर्वाचन गर्ने विषय आचारसंहितामा पहिलोपटक राखिएकाले यसतर्फ पनि आयुक्त जबराले राजनीतिक दलको ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सूचना, सञ्चार तथा प्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्माले दलभित्र आचारसंहिताको प्रचारप्रसार गरी जागरण फैल्याउन भ्याउने गरी यस्तो कार्यक्रम आयोजना गरिएको भए प्रभावकारी हुने बताउनुभयो ।रासस




# राष्ट्रियसभा सदस्य बोहराको निधनप्रति कांग्रेसद्वारा दुःख व्यक्त



काठमाण्डु । नेपाली कांग्रेसले पार्टीका नेता एवम् राष्ट्रियसभा सदस्य बलदेव बोहराको निधनमा गहिरो दुःख व्यक्त गरेको छ।

पार्टी कार्यवाहक सभापति पूर्णबहादुर खड्काको तर्फबाट कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले शुक्रवार शोक विज्ञप्ति जारी गरी गत पुस ३० गते काठमाडौं मेडिकल कलेजमा उपचारका क्रममा ७४ वर्षीय बोहराको निधन भएकोप्रति गहिरो दुःख व्यक्त गर्नुभएको हो।

कञ्चनपुरको वेदकोट नगरपालिकाका बासिन्दा बोहराले विद्यार्थी जीवनदेखि नै आफ्नो राजनीतिक यात्रा प्रारम्भ गर्नुभएको कांग्रेसले जनाएको छ। उहाँ दोस्रो संविधानसभा निर्वाचनमा संविधान सभा सदस्य बन्नुभएको थियो भने २०८० सालमा सम्पन्न निर्वाचनमार्फत राष्ट्रियसभा सदस्यमा निर्वाचित हुनुभएको थियो।

प्रजातन्त्र प्राप्तिको आन्दोलनका क्रममा बोहराले पाँच वर्ष जेल जीवन बिताउनुभएको थियो। विसं २०४९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा कञ्चनपुर जिल्लाको जिल्ला विकास समितिको सभापतिका रूपमा बोहरा निर्वाचित हुनुभएको थियो। समाजसेवामा पनि निरन्तर समर्पित रहँदै आउनुभएका बोहराको निधनसँगै कांग्रेस र सुदूरपश्चिमले एक निष्ठावान र अनुभवी नेतृत्वलाई गुमाएको पार्टीले जनाएको छ।

बोहराको निधनप्रति कांग्रेसका कावा सभापति खड्काले आफूलाई अत्यन्त दुःखित र स्तब्ध बनाएको बताउनुभयो। बोहोराले कांग्रेसको सङ्गठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनमा निर्वाह गर्नुभएको नेतृत्वदायी भूमिका पार्टीमा सदा स्मरणीय रहिरहने उहाँले बताउनुभयो।

कावा सभापति खड्काले स्व बोहराप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै मृतक आत्माको चीर शान्तिको कामनाका साथ शोक सन्तप्त परिवारजनप्रति पार्टी र आफ्नो व्यक्तिगततर्फबाट गहिरो समवेदना व्यक्त गर्नुभएको छ।रासस

# निर्वाचन तोकिएकै समयमा हुन्छः संयोजक दाहाल



चितवन । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी फागुन २१ गते तय भएकोप्रतिनिधिसभा निर्वाचन तोकिएकै समयमा हुने बताउनुभएको छ।

भरतपुर महानगरपालिकाको प्रशासकीय भवनको शुक्रबार उद्घाटन गर्दै संयोजक दाहालले निर्वाचनको विकल्प नरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "संविधानसभाको पहिलो निर्वाचनको समयमा पनि अघिल्लो दिनसम्म पनि चुनाव हुन्छ र भन्ने देशैभरी हल्ला थियो । तर चुनाव भयो।" राजनीतिक दल र जनता अघि बढीसकेकाले अब पनि चुनाव हुन्छ की हुँदैन भनेर अन्योलतामा नबस्न संयोजक दाहालले आग्रह गर्नुभयो। निर्वाचनको अर्को विकल्प नरहेको उल्लेख गर्दै उहाँले निर्धारित समयमा निष्पक्ष रुपमा निर्वाचन गराउन सबै लाग्नुपर्नेमा जोड दिनुभयो।

फरक प्रसङ्गमा संयोजक दाहालले नेपाली कांग्रेसको विशेष महाधिवेशनपछि निर्वाचन के होला भन्ने प्रश्न जनतामा उठेको बताउनुभयो। उहाँले भन्नुभयो "ठूलो पार्टी विभाजन हुनु राम्रो होइन् । सुखद समाचार होइन् । तर यसले निर्वाचनमा कुनै असर पर्दैन ।" भरतपुर महानगरपालिकाले समानुपातिक रुपमा गरेको विकासका कारण यो महानगर देशको नमुना बन्न सकेको संयोजक दाहालले बताउनुभयो। यहाँ भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, रोजगारसँगै विभिन्न सांस्कृतिक समुदायको विकासमा समानुपातिक रुपमा गरिएको योगदानले नै यो सम्भव भएको उहाँको भनाइ थियो।

सो अवसरमा महानगर प्रमुख रेनु दाहालले रु ५३ करोड ३२ लाखको लागतमा भवन निर्माण गरिएको जानकारी दिनुभयो । भवन निर्माण गर्न २०७९ साउन १८ गते निर्माण कम्पनी शर्मा-सगरमाथा-सगुन जेभीसँग सम्झौता भएको थियो। भवन बनाउन सङ्घीय सरकारको रु २१ करोड ५८ लाख, वाग्मती प्रदेश सरकारको रु १९ करोड ८९ लाख तथा महानगरपालिकाको रु ४ करोड ५० लाख रकम खर्च भएको छ । सात कट्ठा जग्गामा ६ तले भवन निर्माण गरिएको हो।रासस

# प्रधानमन्त्री कार्कीसँग घेदुङको प्रतिनिधिमण्डल भेट



काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीसँग नेपाल तामाङ घेदुङको प्रतिनिधिमण्डलले भेट गरेको छ । शुक्रबार बिहान भएको भेटका क्रममा तामाङ समुदायको जनसंख्या, संस्कृति, आर्थिक-सामाजिक अवस्थालगायत विषयमा चर्चा भएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार रामबहादुर रावलले जानकारी दिनुभयो।

घेदुङले यही माघ ५ गते सोनाम ल्होछारका अवसरमा काठमाडौंमा तामाङ सांस्कृतिक महोत्सव तथा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गर्न लागेको जानकारी गराउँदै उक्त कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहभागी भइदिन प्रधानमन्त्री कार्कीलाई अनुरोध गरिएको उहाँले बताउनुभयो।

घेदुङका पदाधिकारीहरुले तामाङ समुदायको जनसङ्ख्या ३० लाखभन्दा बढी भए पनि जनगणनामा भएको त्रुटिका कारण १७ लाख हाराहारी मात्र देखिएकामा प्रधानमन्त्रीको ध्यानाकर्षणसमेत गराउनुभएको थियो ।त्यस अवसरमा प्रधानमन्त्री कार्कीले हालको अवस्थाको लोकतान्त्रिक निकासका लागि निर्वाचन एकमात्र विकल्प भएकाले समाजका सबै तह र तप्काबाट सहयोगको अपेक्षा गरेको बताउनुभयो।

"मुलुक चुनावमा होमिएको छ। यो चुनाव सामान्य अवस्थाको नभई मुलुकलाई निकास दिने र दिगो स्थिरतातिर लैजाने चुनाव हो", उहाँले भन्नुभयो, "भदौ २३ र २४ गतेलाई दिमागमा राखौँ । अब बारम्बार यो अवस्था दोहोरिनुहुँदैन । युवाको आकांक्षाअनुरुप हामी चल्नुपर्छ । तपाईंहरु पनि आउँदो चुनावमा नयाँ, युवा र इमानदार सांसद जिताएर संसद्मा पठाउनुहोस् ।"प्रधानमन्त्री कार्कीले पुरानो मानसिकता, सोच र शैलीले अब देश नचल्ने भन्दै युवाको भावनाअनुसार शासन सञ्चालन गर्न युवा र इमानदार व्यक्ति नेतृत्वमा आउनुपर्नेमा जोड दिनुभएको प्रेस सल्लाहकार रावलले बताउनुभयो।

प्रधानमन्त्री कार्कीले चुनावमा अनावश्यक चलखेल र गतिविधि हुन हुन नदिन अब समुदायस्तरबाटै सबै चनाखो हुनुपर्ने धारणा राख्नुभयो। "भ्रष्टाचार अन्त्य गर्ने हो भने त्यसविरुद्ध चुनावबाटै पहल हुनुपर्छ। मतदाता पनि यसमा चनाखो बन्नुपर्छ। अब विगतमा जस्तो चुनावमा हुने गलत अभ्यास र प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ", प्रधानमन्त्रीको भनाइ थियो।रासस

# कांग्रेस केन्द्रीय समिति छिटो अद्यावधिक गर्न केन्द्रीय पदाधिकारीको माग




काठमाण्डु । नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनबाट नवनिर्वाचित केन्द्रीय पदाधिकारी एवं केन्द्रीय सदस्यहरूले विशेष महाधिवेशन वैधानिक भएकाले त्यसको कागजातका आधारमा पार्टी केन्द्रीय समिति अद्यावधिकको निर्णय गर्न माग गरेका छन्।

कानुन व्यवसायीसहित शुक्रबार निर्वाचन आयोग आएका केन्द्रीय पदाधिकारी एवं केन्द्रीय सदस्यहरूले थप कागजात पेस गरेका छन् । नवनिर्वाचित उपसभापति विश्वप्रकाश शर्माले केन्द्रीय समितिले गरेको निर्णयअनुसार नियमित महाधिवेशन कार्यान्वयन नभएकाले विधानअनुसार विशेष महाधिवेशन गरिएको बताउनुभयो।

कांग्रेस विधानको दफा १५ ले महाधिवेशनलाई सर्वोच्च निकाय भनेकाले त्यहाँबाट गरिएका निर्णय कानुनसम्मत रहेको बताउनुभयो।

"विधान अनुसार ५४.५८ प्रतिशत महाधिवेशन प्रतिनिधिले असोज २८ गते नै विशेष महाधिवेशनको माग गरेका हुन्, विधानको दफा ३ को उपदफा १२ ले केन्द्रीय कार्यालय भन्नाले महामन्त्री भन्ने उल्लेख गरेको छ, विधान कार्यान्वयन नगर्नू कानुनको उल्लङ्घन हुने भन्ने व्यवस्था भएकाले हामीले विधानको व्यवस्थालाई कार्यान्वयन गराएका हौँ, कार्यान्वयन नगरे रु पाँच हजार जरिवानाको व्यवस्था कानुनमा रहेको छ", उहाँले भन्नुभयो।

हस्ताक्षर गरेका २९ जना महाधिवेशन प्रतिनिधिले मात्र फिर्ता लिएको जानकारी उपसभापति शर्माले आयोगलाई गराउनुभयो। घर फर्किसकेका महाधिवेशन प्रतिनिधिले हस्ताक्षर फिर्ता लिए भनी हल्ला फिँजाइएको उहाँले बताउनुभयो।

असोज २८ गते कार्यवाहक सभापति पूर्णबहादुर खड्काले नै हस्ताक्षर गरेर विशेष महाधिवेशन माग गरिएको निवेदन पार्टी कार्यालयमा दर्ता भएको र दर्ता नं. १०१ रहेको उपसभापति पुष्पा भुसालले बताउनुभयो । दुई हजार ४८८ जना महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन माग गरेको र दुई हजार ६५२ जना महाधिवेशन प्रतिनिधि विशेष महाधिवेनमा उपस्थित भएर नीति र नेतृत्व पारित गरेको उहाँले जानकारी गराउनुभयो ।कांग्रेस विधानको दफा १७ (२) अनुसार विशेष महाधिवेशन माग गरेको तीन महिनाभित्र गर्नैपर्ने व्यवस्थाअनुसार त्यसलाई कार्यान्वयन गरिएको वरिष्ठ अधिवक्तासमेत रहनुभएकी नेतृ भुसालले भन्नुभयो।

कांग्रेस विशेष महाधिवेशनबाट नवनिर्वाचित महामन्त्री प्रदीप पौडेलले महाधिवेशनले बनाएको नीति, नियम कार्यान्वयन गर्ने काम केन्द्रीय कार्य समिति भएको बताउनुभयो । नीति, नियम र नेतृत्व चयन गर्ने आधिकारिक मञ्च महाधिवेशन नै भएकाले विशेष महाधिवेशन वैध रहेको उहाँको भनाइ थियो।

विशेष महाधिवेशनबाट नवनिर्वाचित अर्का महामन्त्री गुरुराज घिमिरेले असोज २८ गते ५४.५८ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरेको कागजात आफूहरूले नै कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई बुझाएको र उहाँले नै हस्ताक्षर गरेर दर्ता गराएकामा अहिले विशेष महाधिवेशन कहाँ, कहिले भयो ? थाहा छैन भनी गैरजिम्मेवार अभिव्यक्ति दिएको बताउनुभयो । नेपाल बार एशोसियशनको पूर्वअध्यक्षसमेत रही सक्नुभएका विशेष महाधिवेशनबाट नवनिर्वाचित केन्द्रीय सदस्य प्रेमबहादुर खड्काले ४० प्रतिशतभन्दा धेरै महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनको माग गरेमा अनिवार्य रूपमा गर्नुपर्ने व्यवस्थाअनुसार नै भएको बताउनुभयो । पार्टी विधानको यही व्यवस्थाअनुसार दुई जना तत्कालीन महामन्त्रीले आफ्नो काम पूरा गरेको उहाँले सुनाउनुभयो । राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५१ अनुसार विशेष महाधिवेशनले गरेको निर्णय अद्यावधिक गर्न आफूहरू आयोग आएको उहाँले सुनाउनुभयो।

कांग्रेस निर्वाचन समितिको संयोजकसमेत रहनुभएका वरिष्ठ अधिवक्ता सीताराम केसीले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४३ र ४४ मा अहिले कुनै विवाद नरहेकाले दफा ५१ अनुसार अद्यावधिक गरिनुपर्ने बताउनुभयो। कांग्रेस विधानअनुसार निर्वाचन कार्यविधि र निर्देशिका बनाएर विधिसम्मत रूपमा विशेष महाधिवेशन सम्पन्न गरिएको उहाँले आयोगलाई जानकारी गराउनुभयो।

नेपाल बार एशोसियशनका पूर्वअध्यक्ष एवं वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरे, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीलगायत विशेष महाधिवेशनबाट नवनिर्वाचित केन्द्रीय सदस्यहरूले छिटो गरी कांग्रेस केन्द्रीय समितिको सूची अद्यावधिक गर्न माग गर्नुभएको थियो।रासस

# अधिकार मिचेर गरिएको भेलालाई आयोगले वैधता दिनेछैन- कार्यवाहक सभापति खड्का



पाटन। नेपाली कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले केन्द्रीय कार्यसमितिको अधिकार मिचेर गरिएको भेलालाई निर्वाचन आयोगले वैधता नदिने विश्वास व्यक्त गर्नुभएको छ।

पार्टीको केन्द्रीय कार्यालयमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा कार्यवाहक सभापति खड्काले पार्टीको अनुशासनभन्दा बाहिर गई भएको विशेष भेलाको निर्णय निर्वाचन आयोगमा पेस गरिएको भन्ने जानकारी आमसञ्चारमाध्यमबाट थाहा पाउनासाथ आयोग पुगी ध्यानाकर्षण गराएको जानकारी दिनुभयो।

"देश प्रतिकूल अवस्थामा रहेको अवस्थामा संविधान र वर्तमान व्यवस्थाको संरक्षण गर्नुपर्ने सबैको दायित्व हो, तर विशेष महाधिवेशनका नाममा अवैधानिक भेला गरिएर पार्टीमा आन्तरिक समस्या ल्याउने काम भयो, पार्टीको विधानअनुसार महाधिवेशन गराउने अधिकार केन्द्रीय समितिलाई मात्रै छ, कुनै व्यक्ति वा पदाधिकारीलाई महाधिवेशन गराउने अधिकार दिएको छैन, विशेष महाधिवेशन बोलाउन विषय खोलेर माग गरेमा केन्द्रीय समिति र केन्द्रीय कार्यालयले सो सम्बन्धमा निर्णय गर्ने हो, महाधिवेशनको कार्यविधि केन्द्रीय समितिले मात्रै बनाउने हो", खड्काले स्पष्ट गर्नुभयो।

"निवर्तमान महामन्त्री गगनकुमार थापाको जिम्मेवारीमा रहेको क्रियाशील सदस्य टुङ्गोमा पुऱ्याउनुपर्ने व्यवस्था कार्यान्वयन हुन सकेन, क्रियाशील सदस्य टुङ्गोमा पुऱ्याएर नबुझाइ गत पुस १७ गते केन्द्रीय समितिले जारी गरेको कार्यतालिकालाई सभापति र कार्यवाहक सभापतिको जानकारीबिना नै दुई महामन्त्रीले स्थगित गर्नुभयो, पुस १८ गते बसेको केन्द्रीय कार्यसम्पादन समितिमा पनि क्रियाशील सदस्यताको विवरण आएन", उहाँले भन्नुभयो।

कार्यवाहक सभापति खड्काले विशेष महाधिवेशनको मागलाई सम्बोधन गर्नेक्रममा गत मङ्सिर १५ गतेको बैठकले नियमित महाधिवेशनको कार्यतालिकासहित प्रक्रियाअघि बढाएपछि विशेष महाधिवेशनको औचित्य समाप्त भएको स्पष्ट गर्नुभयो। उहाँले गत पुसमा विशेष महाधिवेशन आयोजना गर्न नसकिने भएसँगै आगामी वैशाखमा महाधिवेशन गर्नेगरी कार्यतालिका संशोधन गरिएको जानकारी दिनुभयो।

"केन्द्रीय समितिका सबै बैठकमा महामन्त्रीहरु सहभागी हुनु भएकै हो, फागुन २१ को निर्वाचनका लागि पार्टी र मुलुक अगाडि बढिरहेको छ, विशेष महाधिवेशनको नाममा आएका माग-मुद्दालाई सम्बोधन गर्न हामी सहमत भएकै हो। रासस

# 'हेलिकप्टर प्रयोग गरेर चुचुरो चढ्ने अभ्यास आरोहण हैन'



काठमाण्डु । सांसदहरूले साहसिक पर्यटनको मर्यादा जोगाउन आरोहण अभ्यासमा सुधारको आवश्यकता औंल्याएका छन् । राष्ट्रियसभाअन्तर्गतको विधायन व्यवस्थापन समितिको शुक्रबारको बैठकमा पर्यटन विधेयक, २०८१ माथिको दफावार छलफलका क्रममा राष्ट्रियसभा सदस्यहरूले पर्वतारोहण प्रमाणपत्र, हेलिकप्टर प्रयोग र दुर्घटना तथा मृत्युका अवस्थामा प्रमाणपत्र दिने विषय ऐनमा नै स्पष्ट व्यवस्थाका लागि जोड दिएका हुन्।

बैठकमा हिमाल आरोहणका नाममा हुने हेलिकप्टर दुरुपयोग, झुट्टा उद्धार, तथा चुचुरोमा पुगेर फर्कन नसकेका आरोहीलाई प्रमाणपत्र दिने वा नदिने विषयमा छलफल गरिएको छ। समिति सभापति तुलसाकुमारी दाहालले झुट्टा उद्धार रोक्न, उद्धारका लागि हेलिकप्टर/ड्रोन प्रयोगलाई कडाइका साथ नियमन गर्न तथा प्रविधिमैत्री बनाउन स्पष्ट मापदण्डसहितको व्यवस्था ल्याउनुपर्नेमा मन्त्रालयलाई निर्देशनसमेत दिनुभयो।

हेलिकप्टर चढेर आरोहण सम्पन्न गर्ने अभ्यासले हिमालको गरिमा र साहसिक पर्यटनको मर्ममाथि गम्भीर आघात पुऱ्याएको संशोधनकर्ता सांसदहरूको धारणा थियो। बैठकमा संशोधनकर्ताहरूले आधार शिविरबाट हिँडेर चुचुरोमा पुगेर पुनः आधार शिविर फर्किएका पर्वतारोहीलाई मात्रै प्रमाणपत्र दिने व्यवस्था हुनुपर्नेमा विशेष जोड दिनुभयो । छलफलका क्रममा प्रविधि प्रयोग गरेर आरोहण पुष्टि गर्ने विषयमा संशोधनकर्ता र मन्त्रालयबीच समान मत देखिएको छ। संशोधनकर्ताहरूले उद्धारको नाममा हुने दुरुपयोग रोक्न स्पष्ट व्यवस्था राख्नुपर्नेमा जोड दिनुभएको थियो।

संशोधनकर्ता सोनाम गेल्जेन शेर्पाले हेलिकप्टर प्रयोग गरेर चुचुरो चढ्ने अभ्यासलाई रोक्न स्पष्ट कानुनी प्रावधानको आवश्यक औंल्याउनुभयो। उहाँले यसलाई आरोहण मान्न नहुने भन्दै आधार शिविरबाट पैदल आरोहणलाई मात्रै मान्यता दिनुपर्ने धारणा राख्नुभयो । संशोधनकर्ता डा बेदुराम भुसालले चुचुरोमा पुगेपछि फर्कने छ। रासस

# क्षति न्यूनीकरण गर्न एकढिक्का भएर लाग्न गृहमन्त्रीको आह्वान



काठमाण्डु।गृहमन्त्रीओमप्रकाश अर्यालले भूकम्पलगायत विपद्का कारण हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न एकढिक्का भएर लाग्न आह्वान गर्नुभएको छ । २८ औँ भूकम्प सुरक्षा दिवसका अवसरमा शुक्रबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले विपद् जोखिम न्यूनीकरणसम्बन्धी आवश्यक कार्यलाई संस्थागत, दीगो र परिणामुखी बनाउन सरकारका तर्फबाट योजनाबद्ध प्रयत्न जारी रहने बताउनुभयो।

मन्त्री अर्यालले भूकम्प प्रतिरोधी संरचना निर्माणलाई आगामी दिनमा थप प्रभावकारी बनाएर लैजानुपर्नेमा जोड दिनुभयो। उहाँले सरकारी निकाय, निजी क्षेत्र, गैरसरकारी संस्था, निर्माण व्यवसायी र समुदायस्तरमा पूर्वतयारी, प्रतिकार्य र पुनःनिर्माणको क्षमता अभिवृद्धि गर्नुपर्ने बताउनुभयो।

"प्रविधिमा आधारित बहुप्रकोपीय पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउन सक्दा पूर्वतयारीमा मद्धत पुग्न गई जनधनको क्षति कम हुन्छ", गृहमन्त्री अर्यालले भन्नुभयो, "भूकम्पीय सुरक्षाका लागि सबै तहका सरकार र नागरिकको तयारी महत्वपूर्ण हुन आउँछ । भूकम्पबाट सुरक्षित घर, समुदाय एवं राष्ट्र निर्माण हामी सबैको जिम्मेवारी बनेको छ।"

उहाँले भूकम्पलगायत विपद्बाट सुरक्षित रहन व्यवस्थित र दिगो विकासको अवधारणामा आधारित कार्यक्रमको प्रभावकारी र परिणामुखी कार्यान्वयन आजको आवश्यकता भएको बताउनुभयो । नेपालले विगतका तुलनामा भूकम्पलगायत विपद् प्रतिकार्यमा क्षमता विकास गरिरहेको जनाउँदै गृहमन्त्री अर्यालले भूकम्पलगायत विपद्सम्बन्धी बुझाइका दायरा पनि विस्तार हुँदै गएको बताउनुभयो।

"पूर्वतयारी तथा बलियो संरचना निर्माणको चेतना विस्तार भएको छ । स्थानीय तहहरूले भवनसंहिताको पालना गराउने कार्यलाई अनिवार्य गराउँदै लगेको छन् । नागरिकमा पनि नक्सा पास गरेर मापदण्डअनुसारको घर निर्माण गर्नुपर्छ भन्ने सोच विकास हुँदै गएको छ", उहाँले भन्नुभयो।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री कुमार इङ्नामले भूकम्पबाट हुने क्षति न्यूनीकरण गर्न आवश्यक पूर्वतयारी र सतर्कता अनिवार्य रहेको बताउनुभयो।

"विकास निर्माणमा विपद् जोखिम न्यूनीकरण गर्ने सम्बन्धमा नसोची दिगो विकास सम्भव छैन", उहाँले भन्नुभयो, "भूकम्पको जोखिम न्यूनीकरण र पूर्वतयारी अनिवार्य सर्त हो।"

काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोलले भूकम्पलगायत प्राकृतिक प्रकोपको जोखिमन्यूनीकरणतथापूर्वतयारीका लागि सङ्घ, प्रदेश र स्थानीय तहको सरकारबीच समन्वय आवश्यक रहेको बताउनुभयो । 'सबै तहका सरकार, सबै नागरिकको तयारी, भूकम्प उत्थानशील नेपाल, अबको जिम्मेवारी' भन्ने नाराका साथ आज भूकम्प सुरक्षा दिवस मनाइएको हो।रासस

# कतारस्थित अमेरिकी सैन्य शिविरबाट सैनिकहरूलाई अन्यत्र सारिँदै

बीबीसी

काठमाण्डु । संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनल्ड ट्रम्पले इरानमाथि सैन्य कारबाही गर्न सक्ने ठानिएको बेला अमेरिका र यूकेले कतारस्थित अल-अदेद सैन्य आधारशिविरमा रहेका आफ्ना सैनिकहरूको सङ्ख्या घटाउन थालेका छन् । इरानमा जारी सरकारविरोधी प्रदर्शनमा २,४०० भन्दा बढी मानिसको मृत्यु भएको मानवाधिकारवादी समूहहरूले बताएका छन् । ट्रम्पले इरानविरुद्ध कारबाही गर्ने चेतावनी दिँदै आएका छन् ।



अमेरिकी अधिकारीहरूले बीबीसीको अमेरिकी साझेदार सीबीएसलाई बताएअनुसार आंशिक सैन्यफिर्ती "पूर्वसावधानीको उपाय"का रूपमा गरिएको हो । बीबीसीले यूकेले पनि केही सैनिकहरूलाई उक्त स्थानबाट अन्यत्र सार्न थालेको थाहा पाएको छ । कतार सरकारको एउटा विज्ञप्तिमा अहिले अमेरिकाले चालेको भनिएका कदमहरू "विद्यमान क्षेत्रीय तनावको प्रतिक्रियास्वरूप हुन्" भन्ने उल्लेख गरिएको छ ।

यूकेको विदेश मन्त्रालयले तेहरानस्थित ब्रिटिश दूतावास अस्थायी रूपमा बन्द गरेको र अन्यबाटै दूतावासको काम सञ्चालन हुने ब्रिटिश सरकारका एक प्रवक्ताले बताएका छन्। दोहास्थित अमेरिकी दूतावासले आफ्ना कर्मचारीहरूलाई अझ सतर्क रहन र अल-अदेद शिविरतिर काम नपरी नजान सुझाव दिएको छ ।नेपालको परराष्ट्र मन्त्रालयले पनि इरानमा बस्दै र काम गर्दै आएका नेपाली नागरिकहरूलाई इरानका अधिकारीहरूले सुरक्षाका लागि जारी गर्ने निर्देशन पालना गर्न, घरभित्रै बस्न र सतर्क रहन तथा अरूलाई स्थिति सामान्य नभएसम्म इरानको यात्रा नगर्न सुझाव दिएको छ।

इटली र पोल्यान्डले आफ्ना नागरिकहरूलाई इरान छोड्न आह्वान गरेका छन्। सैनिकहरूलाई अन्यत्र सारिएको विषयबारे प्रतिक्रिया व्यक्त गर्दै कतार सरकारले कतारी नागरिक र कतारमा बसोबास गर्ने मानिसहरूको सुरक्षा सुनिश्चित गर्नु तथा महत्त्वपूर्ण भौतिक संरचनाहरू र सैन्यस्थलहरू जोगाउनु आफ्नो "पहिलो प्राथमिकता" भएको जनाएको छ । "सुरक्षाको कारण" भन्दै यूकेको रक्षा मन्त्रालयका एक प्रवक्ताले ब्रिटिश सैनिकहरूलाई स्थानान्तरण गर्न थालिएको विषयमा प्रकाशित विवरणबारे प्रतिक्रिया व्यक्त गर्न मानेनन् ।

अल-अदेद मध्यपूर्वस्थित सबैभन्दा ठूलो अमेरिकी सैन्य शिविर हो। त्यहाँ झन्डै १०,००० अमेरिकी र १०० जनाजति ब्रिटिश सैनिकहरू छन्। यद्यपि तीमध्ये कति जनालाई अन्यत्र लगिन्छ भन्ने स्पष्ट छैन । कूटनीतिज्ञहरूलाई उद्धृत गर्दै रोएटर्सले केही सैनिकहरूलाई अल-अदेद शिविर छोड्न भनिएको तर गत वर्ष इरानले आक्रमण गरेको बेलामा जस्तो ठूलो संख्यामा सैनिकहरूलाई बाहिर निकालिएको सङ्केत अहिले नदेखिएको जनाएको छ। केही दिनअघि ट्रम्पले इरानविरुद्ध "निकै ठूलो कारबाही" गर्ने चेतावनी दिएका थिए। इरानले प्रत्याक्रमण गर्ने जनाएको थियो ।

यद्यपि बुधवार ट्रम्पले इरानमा "मान्छे मारिने क्रम रोकिएको र मृत्युदण्ड दिने योजना नभएको" विश्वासिलो सूचना आफ्नो प्रशासनले पाएको बताएका छन् ।पत्रकारले सोधेको प्रश्नको उत्तर दिँदै ट्रम्पले "उतापट्टि भएका निकै महत्त्वपूर्ण स्रोतहरू"ले त्यस्तो जानकारी दिएको र त्यो सत्य हो भन्ने आफ्नो आशा रहेको बताए ।के सैन्य कारबाहीको सम्भावना अब टरेको हो भन्ने प्रश्नमा उनले भने, "अबको प्रक्रिया के हुन्छ भन्ने हामी निगरानी गर्ने छौँ।"यद्यपि उनले सैन्य कारबाहीको सम्भावना अझै रहेको कुरा अस्वीकार भने गरेनन् । अमेरिकी उड्डयन निकायको वेबसाइटमा प्रकाशित जानकारीअनुसार इरानले बिहीवार बिहान स्थानीय समयानुसार २:४५ बजेदेखि आफ्नो आकाशमा कुनै पनि विमानलाई उड्न नपाउने गरी रोक लगाएको थियो ।

सुरुमा त्यस्तो रोक दुई घण्टाका लागि थियो तर पछि ८:०० बजेसम्म लम्ब्याइएको समाचारसंस्था रोएटर्सले जनाएको छ।एअर इन्डिया र लुफ्टहान्जासहित केही विमानसेवा कम्पनीहरूले इरानको आकाश प्रयोग गर्नुनपर्ने गरी उडानमार्ग परिवर्तन गर्ने घोषणा गरेका छन्।एअर इन्डियाले उक्त क्षेत्रमा उडानमार्ग परिवर्तन गरिएकाले उडानहरू ढिलो वा स्थगित हुन सक्ने जनाएको छ। लुफ्टहान्जाले एउटा विज्ञप्तिमार्फत् आफ्ना विमानहरूले "अर्को सूचना प्रकाशित नभएसम्म" इरान र इराकमाथिको आकाशमार्ग प्रयोग नगर्ने जनाएको छ।

जर्मनीले मध्यपूर्वमा द्वन्द्व बढेको र विमानभेदी अस्त्रहरू प्रयोग हुन सक्ने जोखिम पनि बढेको भन्दै वायुसेवा प्रदायकहरूलाई तेहरानको आकाशमा प्रवेश नगर्न सूचित गरेको छ। इरानी अधिकारीहरूले इरानमा सैन्य हस्तक्षेप गर्न अमेरिकाले "बहाना खोजेको" आरोप लगाएका छन्।इरानी संसद्का सभामुखले यदि अमेरिकाले आक्रमण गरे इरानले मध्यपूर्वमा अवस्थित इजरेली र अमेरिकी सैन्य तथा जलमार्गकेन्द्रहरूलाई निसाना बनाउने चेतावनी दिएका छन्। फक्स न्यूजसँग बुधवार कुराकानी गर्दै इरानका विदेशमन्त्री अब्बास अराग्चीले ट्रम्पलाई "जुन महिनामा गरे जस्तो गल्ती नदोहोऱ्याउन" चेतावनी दिए।

"विफल भएको कुरा फेरि दोहोऱ्याए तपाईँले पाउने परिणाम त उही हो," उनले भने।एक २६ वर्षीय प्रदर्शनकारीलाई मृत्युदण्ड दिन लागिएको विवरणबारे प्रतिक्रिया दिँदै अराग्चीले "त्यस्तो सम्भावना नरहेको" र "आज वा भोलि कसैलाई पनि फाँसी नदिइने" बताए। इरानमा चर्को मूल्यवृद्धि र देशको मुद्रा रिआलको अवमूल्यनका कारण डिसेम्बर महिनाको अन्तिमतिरबाट मानिसहरूले विरोधप्रदर्शन गर्न थालेका हुन्। त्यसले चाँडै राजनीतिक रङ्ग लियो र सन् १९७९ मा इस्लामिक क्रान्तिपछि स्थापित धर्मगुरुको शासन अन्त्य हुनुपर्ने माग चर्कियो।

मानवाधिकारवादी संस्था ह्युमन राइट्स वाचका अनुसार अहिलेसम्म १२ बालबालिकासहित २,४०३ प्रदर्शनकारीको मृत्यु भएको छ भने १८,४०० जनाभन्दा बढी पक्राउ परेका छन्।एम्नेस्टी इन्टर्न्याशनलले "आधिकारिकता पुष्टि भएका भिडिओहरू र प्रत्यक्षदर्शीहरूबाट प्राप्त विश्वसनीय सूचना"का आधारमा इरानमा "अभूतपूर्व सङ्ख्यामा गैरकानुनी रूपमा सामूहिक हत्याहरू" गरिएको दाबी गरेको छ । उक्त संस्थाले राष्ट्रसङ्घका सदस्यराष्ट्रहरूलाई विरोधप्रदर्शनका क्रममा "सुरक्षा निकायहरूले गरेका अपराधहरू" चिन्न आह्वान पनि गरेको छ ।

# निरजद्वारा सूर्य नेपाल इस्टर्न ओपनको उपाधि रक्षा




टुडे समाचारदाता

धरान । सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गतको दोस्रो प्रतियोगिता सूर्य नेपाल इस्टर्न ओपनको उपाधि नेपाल नम्बर एक गल्फर निरज तामाङले लगातार दोस्रो पटक जितेका छन् ।

पार-७० को धरान गल्फ क्लबमा शुक्रबार सम्पन्न तेस्रो तथा अन्तिम राउन्डमा ३-अन्डर ६७ को कार्ड बनाए। समग्रमा ५४ होलको खेल १५-अन्डर १ सय ९५ को लोभलाग्दो स्कोरमा बनाउँदै उपाधि रक्षा गर्न सफल भएका हुन् । उनले एमेच्योर गल्फर राहुल विश्वकर्मालाई ६ स्ट्रोकले पछि पार्दै करिअरको चौथो उपाधि जिते । उपाधिसँगै निरजले नगद १ लाख ७० हजार रुपैयाँ प्राप्त गरे।

राहुलले शुक्रबार २-अन्डर ६८ खेल्दै ९-अन्डर २ सय १ को कुल स्कोरसहित समग्रमा दोस्रो स्थान हासिल गरे भने एमेच्योरतर्फको उपाधि जिते । अनुभवी प्रो बलभद्र राईले अन्तिम दिन ५-अन्डर ६५ को उत्कृष्ट प्रदर्शनमा समग्रमा ६-अन्डर २ सय ४ को स्कोरसहित प्रोफेसनलतर्फ दोस्रो भए। उनले १ लाख २५ हजार रुपैयाँ प्राप्त गरे ।

दिनेश प्रजापतिले ४-अन्डर २ सय ६ को कुल स्कोरसहित प्रोतर्फ तेस्रो तथा समग्रमा चौथो स्थान हासिल गरे। अन्तिम राउन्डमा ३-अन्डर ६९ खेलेका उनले १ लाख रुपैयाँ पाए । टंक बहादुर कार्की (७१) र पूर्व नेपाल नम्बर एक प्रो भुवन नगरकोटी (६९) ले ३-अन्डर २ सय ७ को स्कोरसहित प्रोतर्फ संयुक्तरुपमा चौथो स्थान बाँडे र दुवैले ७७ हजार रुपैयाँ प्राप्त गरे।पूर्व शीर्ष प्रो रवि खड्काले १-अन्डर २ सय ९ को स्कोरसहित प्रोफेसनल तर्फ छैटौं स्थानमा रहेर ६४ हजार रुपैयाँ पाए। लिडर ग्रुपमा खेलेका शुक्र बहादुर राई अन्तिम राउन्डमा ४-ओभर ७४ खेल्दा समग्रमा इभन-पार २१० सहित आठौं स्थानमा तल झरे। उनले ५७ हजार रुपैयाँमा चित्त बुझाए ।

प्रोतर्फ सुमन परियार (६९) कूल २-ओभर २ सय १२ स्कोरसहित आठौं स्थानमा रहे भने सञ्जय लामा (६८) समग्रमा २ सय १३ सहित नवौं स्थानमा र २ सय १८ को स्कोरमा सुनिल केसी (७४) दशौं स्थानमा रहे । उनीहरूले क्रमशः ५१ हजार, ४६ हजार र ४२ हजार रुपैयाँ प्राप्त गरे । शीर्ष १८ भित्र पर्ने प्रोफेसनल खेलाडीहरूले पनि नगद पुरस्कार प्राप्त गरे। प्रतियोगिताको दोस्रो दिन १४औं होलमा होल-इन-वान गरेका प्रो जयराम श्रेष्ठले ५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरे ।

एमेच्योरतर्फ पदम हाङ लिम्बुले अन्तिम राउन्डमा ३-अन्डर ६९ खेल्दै २ सय ११ को कुल स्कोरसहित उपविजेता बने। सुन्दर राई (६८) ३-ओभर २ सय १३ स्कोरसहित तेस्रो भए।विजेता निरजले फ्रन्ट नाइनमा ३-अन्डर ३३ खेल्ने क्रममा दोस्रो, तेस्रो र चौथो होलमा लगातार बर्डी प्रहार गरे। ब्याक नाइनमा उनले १०औं, १३औं, १४औं र १५औं होलमा बोगी खेपर पनि ११औं, १२औं, १६औं र १८औं होलमा बर्डीको सफलतामा इभन-पार ३४ खेले।

दोस्रो स्थानमा रहेका राहुलले फ्रन्ट नाइनमा तेस्रो, छैटौं र नवौं होलमा बर्डी तथा सातौं होलमा बोगीसहित २-अन्डर ३४ खेले। ११औं होलमा बोगी र १८औं होलको बर्डीले ब्याक नाइन इभन-पार ३४ खेले। स्थानीय प्रो बलभद्रले आठ बर्डी प्रहार गर्दै फ्रन्ट नाइनमा २-अन्डर ३४ र ब्याक नाइनमा ३-अन्डर ३१ खेले। उनले दोस्रो, तेस्रो, चौथो र आठौं होलमा बर्डी तथा पहिलो र छैटौं होलमा बोगी खेपे। ब्याक नाइनमा १५औं होलमा एक सट खेर फाले पनि ११औं, १२औं, १७औं र १८औं होलमा बर्डी प्रहार गरे ।

पीजीए नेपालद्वारा सूर्य नेपाल प्रालिको प्रायोजनमा आयोजित ५४ होलको प्रतियोगितामा ३० प्रो र २२ एमेच्योर गरी कुल ५२ खेलाडीले सहभागिता जनाएका थिए। कुल १० लाख ५० हजार रुपैयाँ पुरस्कार राशि रहेको प्रतियोगिताका विजेतालाई सूर्य नेपालका डेपुटी जनरल मेनेजर केशव प्रधान, नेपाल गल्फ संघका उपाध्यक्ष तिलक राई, कोशी प्रदेश गल्फ संघका उपाध्यक्ष भरत तामाङ, सुनसरी गल्फ संघका अध्यक्ष जितेन्द्र राई तथा धरान गल्फ क्लबका अध्यक्ष हरि राईले पुरस्कार वितरण गरे।च्याम्पियनसिप शनिबार आयोजना हुने प्रो-एम प्रतियोगितासँगै समापन हुनेछ। जहाँ एमेच्योर तथा सोसियल गल्फरले प्रोफेसनल खेलाडीसँग टिम बनाएर खेल्ने अवसर पाउनेछन्।

# अन्तर्राष्ट्रिय लगानी र कूटनीतिक संवादतर्फ भेनेजुएलाको नयाँ दृष्टिकोण

एपी

कराकास । भेनेजुएलाकी कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेजले आफ्नो पहिलो 'स्टेट अफ द युनियन' सम्बोधनमार्फत देशको मुख्य राज्य-नियन्त्रित तेल उद्योगलाई विदेशी लगानीका लागि खुला गर्नुपर्ने आवश्यकता औंल्याउँदै संयुक्त राज्य अमेरिकासँग सम्बन्ध सुधार गर्न आह्वान गर्नुभएको छ ।

अमेरिकी प्रशासनले भेनेजुएलाको तेल निर्यातबाट प्राप्त आम्दानीमाथि नियन्त्रण गर्ने घोषणा गरेपछि राष्ट्रपति रोड्रिगेजले भेनेजुएलामा नयाँ नीतिगत दिशा निर्माण भइरहेको बताउनुभयो । उहाँले अन्तर्राष्ट्रिय कूटनीतिज्ञहरूलाई देशमा आएको नीतिगत परिवर्तनबारे विदेशी निकोलस मादुरोलाई अमेरिकी नियन्त्रणमा लिएको घटनालाई दुई देशबीचको सम्बन्धमा 'दुर्भाग्यपूर्ण दाग' को संज्ञा दिनुभयो, तर अमेरिकासँग कूटनीतिक संवाद पुनः सुरु गर्नुपर्नेमा जोड दिनुभयो । उहाँको छोटो र संयमित सम्बोधन शैली अघिल्ला नेताहरूको कडा अमेरिकी विरोधी भाषणभन्दा फरक देखिएको विश्लेषकहरूले बताएका छन् ।

"हामी कूटनीतिसँग डराउनु हुँदैन," रोड्रिगेजले भन्नुभयो, "राजनीति घृणा र असहिष्णुताबाट सुरु हुनु हुँदैन ।"

यसैबीच, उहाँले मादुरो शासनकालमा थुनामा परेका कैदीहरू क्रमशः रिहा गरिने प्रतिबद्धता जनाउनुभएको छ । तर मानवअधिकार संस्थाहरूले



लगानीकर्तालाई जानकारी गराउन आग्रह गर्दै संसदलाई तेल क्षेत्रमा सुधारसम्बन्धी विधेयक पारित गर्न आह्वान गर्नुभयो ।

"विश्वसँग स्वतन्त्र व्यापार सम्बन्ध कायम गर्दै भेनेजुएलाले आफ्नो ऊर्जा उद्योगका उत्पादनहरू बिक्री गर्न सक्छ," उहाँले सम्बोधनका क्रममा उल्लेख गर्नुभयो ।

अमेरिकी दबाबपछि भेनेजुएलाको राजनीतिक अवस्था नयाँ मोडमा पुगेको बताउँदै रोड्रिगेजले स्वास्थ्य सेवा र सार्वजनिक पूर्वाधार सुधारका लागि तेल बिक्रीबाट प्राप्त आम्दानी दुईवटा सार्वभौम कोषमार्फत प्रयोग गरिने जानकारी दिनुभयो। हाल देशका धेरै अस्पतालहरूमा अत्यावश्यक उपकरण र सामग्रीको गम्भीर अभाव देखिएको छ ।

यद्यपि उहाँले पूर्व राष्ट्रपति रिहाइको सङ्ख्या सरकारले दाबी गरेजति नभएको जनाएका छन् ।राजनीतिक विश्लेषकहरूका अनुसार रोड्रिगेज प्रशासनले आर्थिक रूपमा अमेरिकासँग सहकार्य बढाउने तर राजनीतिक संरचना यथावत् राख्ने रणनीति अपनाएको देखिन्छ ।

देशभित्र भने राजनीतिक अनिश्चितता कायमै छ। कराकासका सडकमा सरकारी समर्थनमा प्रदर्शनहरू भइरहेका छन् भने सर्वसाधारण नागरिकहरू खुलेर आफ्नो धारणा व्यक्त गर्न डराइरहेका छन् ।

विश्लेषक डेभिड स्मिल्डेका अनुसार, "सरकारले अमेरिकी आलोचना जारी राखे पनि व्यवहारिक रूपमा आर्थिक सहकार्यतर्फ अघि बढेको देखिन्छ ।"भेनेजुएलाको वर्तमान राजनीतिक भविष्य अझै अस्पष्ट रहे पनि अन्तर्राष्ट्रिय समुदायको चासो तीव्र रूपमा बढिरहेको छ ।

# युनलाई पाँच वर्ष कैद

एपी

सियोल । दक्षिण कोरियाको एक अदालतले शुक्रबार पूर्वराष्ट्रपति युन सुक योललाई मार्सल ल लागू गर्ने निर्णयसँग सम्बन्धित केही अभियोगमा दोषी ठहर गर्दै पाँच वर्षको जेल सजाय सुनाएको छ ।

सन् २०२४ को अन्त्यतिर उहाँले जारी गर्नुभएको आदेश तथा त्यससँग जोडिएका अन्य आरोपहरूमा दायर आठवटा आपराधिक मुद्दामध्ये यो युनविरुद्धको पहिलो अदालत फैसला हो । ती मुद्दाहरूमा उहाँको कदमले देशको संवैधानिक व्यवस्था र लोकतान्त्रिक प्रक्रियामा गम्भीर असर पारेको अभियोजन पक्षको दाबी रहेको छ ।

युनमाथि लागेको सबैभन्दा गम्भीर अभियोगमा उहाँले आफ्नो मार्सल ल कार्यान्वयनका सन्दर्भमा विद्रोहको नेतृत्व गरेको आरोप समावेश छ, जसमा कानूनअनुसार मृत्युदण्डसम्मको सजाय हुनसक्ने प्रावधान रहेको छ । यद्यपि, उक्त गम्भीर अभियोगमा अन्तिम फैसला आउन बाँकी नै छ ।

यस मुद्दासँग सम्बन्धित रूपमा सियोल केन्द्रीय जिल्ला अदालतले शुक्रबार उहाँलाई हिरासतमा राख्ने अधिकारीहरूको आदेश अवहेलना गरेको लगायतका अन्य अभियोगमा दोषी ठहर गर्दै सजाय सुनाएको हो । अदालतले यी कार्यहरूलाई कानूनी शासनविरुद्धको गम्भीर चुनौतीको रूपमा व्याख्या गरेको छ ।

यस फैसलापछि युनले तत्काल सार्वजनिक रूपमा कुनै प्रतिक्रिया दिनुभएको छैन । तर यसअघि एक स्वतन्त्र विशेष वकिलले ती आरोपहरूमा उहाँलाई १० वर्षको जेल सजायको माग गर्दा युनको प्रतिरक्षा टोलीले ती आरोपहरू राजनीतिक रूपमा प्रेरित भएको छ ।

# भेनेजुएलाकी नोबेल शान्ति पुरस्कार विजेताले आफ्नो पदक ट्रम्पलाई दिइन्

बीबीसी

काठमाण्डु । भेनेजुएलाकी विपक्षी नेत्री मारिआ कोरिना मचाडोले बिहीवार ह्वाइटहाउसमा भएको एक बैठकमा राष्ट्रपति डोनल्ड ट्रम्पलाई आफ्नो नोबेल शान्ति पुरस्कार प्रदान गरेको बताएकी छन् । "मलाई लाग्छ आज हामी भेनेजुएलालीका लागि ऐतिहासिक दिन हो," ट्रम्पलाई भेटेर फर्केपछि उनले भनिन्। उनीहरूबीच पहिलो पटक प्रत्यक्ष भेट भएको हो । अमेरिकी सेनाले कराकसमा भेनेजुएलाका राष्ट्रपति निकोलास मदुरोलाई पक्राउ गरेको र लागुपदार्थ तस्करीबारे मुद्दा चलाएको केही सातापछि भेट भएको हो ।

ट्रम्पले आफ्नो सामाजिक सञ्जाल पोस्टमा उनीप्रति कृतज्ञता व्यक्त गर्दै सो पुरस्कार प्राप्त गर्नु "आपसी सम्मानको अद्‌भुत सङ्केत" भएको बताए । सन् २०२४ को व्यापक रूपमा प्रतिस्पर्धात्मक भएको चुनावमा विजयी भएको दाबी गर्ने मचाडोलाई अमेरिकी राष्ट्रपतिले भेनेजुएलाको नयाँ नेताको रूपमा समर्थन गर्न अस्वीकार गरेका छन्। ट्रम्पले भेनेजुएलाकी कार्यवाहक राष्ट्रप्रमुख मदुरोकी पूर्वउपराष्ट्रपति डेल्सी रोड्रिगेससँग काम गरिरहेका छन् ।

तर उनले मचाडोलाई भेट्नु "ठूलो सम्मान" भएको बताउँदै उनलाई "निकै कुरा झेलेकी अद्‌भुत महिला" भनेर सम्बोधन गरे । ह्वाइटहाउसबाट निस्केपछि मचाडोले बाहिरपट्टि गेटमा भेला भएका समर्थकहरूलाई स्पेनिस भाषामा "हामी राष्ट्रपति ट्रम्पमा भर पर्न सक्छौँ" भनेको एसोसिएटेड प्रेसले जनाएको छ। "मैले संयुक्त राज्य अमेरिकाका राष्ट्रपतिलाई नोबेल शान्ति पुरस्कारको पदक प्रस्तुत गरेँ," मचाडोले पछि अङ्ग्रेजीमा पत्रकारहरूलाई भनिन् । उनले त्यसलाई "हाम्रो स्वतन्त्रताप्रतिको उनको अद्वितीय प्रतिबद्धताको मान्यता" भनेर उल्लेख गरिन् ।

नोबेल शान्ति पुरस्कार पाउने आफ्नो चाहनाका बारेमा बारम्बार बोल्ने ट्रम्पले मचाडोलाई उक्त पुरस्कार दिइँदा असन्तुष्टि व्यक्त गरेका थिए । ती विपक्षी नेत्रीले भने गत वर्षको त्यस सम्मान स्वीकार गर्ने निर्णय गरेकी थिइन् । बीबीसीले प्रतिक्रियाका लागि ह्वाइटहाउसलाई सम्पर्क गरेको छ। मचाडोले गत साता उनले उक्त पुरस्कार ट्रम्पसँग साझा गर्ने बताए तापनि नोबेल समितिले पछि त्यो हस्तान्तरण गर्न नमिल्ने भनेर स्पष्ट पारेको थियो । "एक पटक नोबेल पुरस्कार घोषणा भएपछि यसलाई रद्द गर्न, बाँड्न वा अरूलाई हस्तान्तरण गर्न सकिँदैन," सो समितिले गत साताको एक विज्ञप्तिमा भनेको छ। "यो निर्णय अन्तिम हो र सधैँको लागि रहन्छ ।"

मचाडोको टिप्पणीमा प्रतिक्रिया माग गरिँदा नोबेल समितिले बीबीसीलाई उनीहरूको अघिल्लो अभिव्यक्ति देखायो । बिहीवार ह्वाइटहाउसको उक्त बैठकअघि नोबेल शान्ति केन्द्रले एक्समा पोस्ट गर्दै "पदकले वाहकहरू परिवर्तन गर्न सक्छ तर नोबेल शान्ति पुरस्कार विजेताको उपाधि



सक्दैन" भनेको छ। आफ्नो टिप्पणीमा मचाडोले कसरी अमेरिकाको क्रान्तिकारी युद्धमा लडेका मार्की द लफाएटले आधुनिक भेनेजुएलाका संस्थापक पिताहरूमध्ये एक साइमन बोलिभरलाई जर्ज वाशिङ्गटनको आकृति भएको पदक दिएका थिए भनेर स्मरण गरेकी छन् ।

त्यस उपहार आफ्नो देश र अमेरिकाबीचको "अत्याचारविरुद्धको स्वतन्त्रताको लडाइँमा" रहेको "भाइचाराको सङ्केत" भएको मचाडोले बताएकी छन् ।"र २०० वर्षको इतिहासमा, बोलिभरका जनताले वाशिङ्गटनका उत्तराधिकारीलाई हाम्रो स्वतन्त्रताप्रतिको उनको अद्वितीय प्रतिबद्धताको मान्यताको रूपमा पदक, यस अवस्थामा नोबेल शान्ति पुरस्कारको पदक, फिर्ता दिइरहेका छन्," उनले भनिन् । मचाडोले आफ्नो वाशिङ्गटन भ्रमणका क्रममा अमेरिकी सिनेटरहरूलाई भेट्न कङ्ग्रेसको भ्रमण समेत गरेकी थिइन् । जहाँ पत्रकारहरूसामु दिएको उनको टिप्पणी समर्थकहरूको "मारिया, राष्ट्रपति" को नाराबाजी र भेनेजुएलाको झण्डा फहराउँदा ओझेलमा परेको थियो ।

मचाडोले ट्रम्पसँगको आफ्नो समयलाई रोड्रिगेसको अन्तरिम सरकारलाई समर्थन गर्नु गल्ती भएको र उनको विपक्षी गठबन्धन यस सङ्क्रमणका लागि जिम्मेवार हुनुपर्ने भन्दै उनलाई मनाउन प्रयोग गर्ने अपेक्षा गरिएको थियो। बिहीवार बैठक चलिरहँदा ह्वाइट हाउसका प्रेस सेक्रेटरी क्यारोलिन लेभिटले पत्रकारहरूलाई मचाडो "भेनेजुएलाका धेरै जनताका लागि एक उल्लेखनीय र साहसी आवाज" भएको भन्दै ट्रम्प "यस बैठकका लागि उत्सुक थिए र भेनेजुएलाको जीवनको वर्तमान वास्तविकताका बारेमा स्पष्ट र सकारात्मक छलफलको अपेक्षा गरेका" बताएकी थिइन् । ट्रम्पले यसअघि नै मचाडोलाई "स्वतन्त्रता सेनानी" भनेर उल्लेख गरिसकेका छन्। तर मदुरोलाई हटाएपछि उनीसँग पर्याप्त घरेलु समर्थनको अभाव रहेको तर्क गर्दै मचाडोलाई भेनेजुएलाको नेतृत्व सुम्पने धारणालाई अस्वीकार गरेका थिए ।

मदुरोलाई ज्यानुअरी ३ मा कब्जा गरिएदेखि ट्रम्प प्रशासनले अमेरिकी प्रतिबन्धहरूमाझ रहेको भेनेजुएलाको तेल क्षेत्रलाई पुनर्निर्माण गर्न द्रुत गतिमा अघि बढेको छ। बुधवार एक अमेरिकी अधिकारीले बताए अनुसार अमेरिकाले भेनेजुएलाको तेलको पहिलो बिक्री पूरा गरेको छ जसको मूल्य ५० करोड अमेरिकी डलर छ । न्यूयोर्क टाइम्सले छापेको एक खबरमा भेनेजुएला सरकारका एकजना दूत बिहीवार अमेरिकी अधिकारीहरूलाई भेट्न र देशको दूतावास पुनः खोल्न प्रारम्भिक कदम चाल्न वाशिङ्गटन जाने अपेक्षा गरिएको उल्लेख गरिएको थियो ।

रोड्रिगेजले बिहीवार कराकसमा देशका नाममा वार्षिक सम्बोधन गर्दै त्यसमा उनले वाशिङ्गटनका बैठकहरूमा भाग लिन इच्छुक रहेको बताएकी थिइन् ।

# शक्ति, प्रविधि र मूल्यको उत्कृष्ट संयोजन प्रोटोन इमास ७ एसयूभी

**टुडे समाचारदाता**

काठमाण्डु । प्रोटोन नेपालले आफ्नो फुल साइज इलेक्ट्रिक एसयूभी इमास ७ मार्फत नेपाली बजारमा उल्लेखनीय प्रभाव जमाइसकेको छ । इभी पारखीहरू र प्रारम्भिक प्रयोगकर्तामाझ लोकप्रिय बन्दै गएको इमास ७, मलेसियाको नम्बर वान इलेक्ट्रिक सवारी साधनको पहिचानसहित नेपालमा पनि लोकप्रियता हासिल गरिरहेको छ।

शहरी यात्रुदेखि साहसिक यात्रा मन पराउने उपभोक्तासम्म सबैको आवश्यकता पूरा गर्ने गरी डिजाइन गरिएको इमास ७ मा अत्याधुनिक प्रविधि, उच्चस्तरीय सुरक्षा विशेषता तथा उच्च क्षमताको प्रदर्शनसहित आकर्षक मूल्यमा उपलब्ध रहेको कम्पनीले जनाएको छ।




१६० किलोवाट क्षमताको शक्तिशाली मोटर जडान गरिएको इमास ७ ले आरामदायी र प्रभावशाली ड्राइभिङ अनुभव प्रदान गर्छ । ४,६१५ मि.मि. लम्बाई र १८० मि.मि. ग्राउण्ड क्लियरेन्सका कारण यस एसयूभीले पर्याप्त स्थान तथा विविध सडक अवस्थाका लागि आवश्यक क्षमता प्रदान गर्दछ।

नेपालका लागि प्रोटोन सवारी साधनको आधिकारिक आयातकर्ता तथा वितरक जगदम्बा मोटर्स प्रा.लि. रहेको छ । कम्पनीले बलियो बिक्रीपछिको सेवा, नियमित मर्मत तथा व्यापक ग्राहक सहयोग उपलब्ध गराउने प्रतिबद्धता पनि गरेको छ।

# चालु आवमा ८५ आयोजनाको बजेट सुरक्षित: दुई दर्जन योजना अलपत्र

काँक्रेविहार । चालु आर्थिक वर्षमा कार्यान्वयन गर्न कर्णाली प्रदेश सरकारले आवश्यकता आधारमा स्रोत सुनिश्चित गरेको जनाएको छ। चालु आर्थिक वर्षमा भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले १०९ वटा आयोजनाको स्रोत सुनिश्चितताका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा बिल पठाए पनि हालसम्मा ८५ वटा आयोजनाले मात्र बजेट पाएका छन्।

आर्थिक मामिला तथा योजना मन्त्रालयमा सचिव बदलिने समस्याले गर्दा काम ढिला भएको मन्त्रालयले बताउँदै आएको छ। यसपटक सबैभन्दा बढी झोलुङ्गे पुलको स्रोत सुनिश्चित भएको छ। प्रदेशमा सबैभन्दा बढी बजेट भएको मन्त्रालयका रूपमा भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयलाई लिइन्छ। स्रोत सुनिश्चित पनि सबैभन्दा बढी यही मन्त्रालयको हुने गरेको छ । जिल्ला कार्यालयबाट बजेट सुरक्षित गरिएका आयोजनाको बोलपत्र गर्ने तयारीका साथ काम तीव्र बनाएको मन्त्रालयका प्रवक्ता इन्जिनियर प्रेमबहादुर वलीले जानकारी दिनुभयो। सडकहरूमा सबैभन्दा बढी कच्ची कटानका रहेका छन्। चालु आवमा पठाएका आयोजनाको बोलपत्र गरेर अन्तिम चरणमा पुर्याई भौतिक निर्माणको काम सुरु भइसकेको अवस्था छ । पुराना आयोजनाको प्रगति बढाउनका लागि छलफल पनि जारी राखेको भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री शेरबहादुर बुढाले बताउनुभयो।

हालसम्म स्रोत सुनिश्चित गरेका आयोजनाको कार्यान्वयन गर्न जिल्ला कार्यालयलाई मन्त्रालयले पत्राचार गरिसकेको उहाँले जानकारी दिनुभयो । दश जिल्लामा पुलको समस्या भोगिरहेको नागरिकको समस्यालाई मध्यनजर गर्दै २० वटा पक्की पुल निर्माण गर्न जिल्लामा पत्राचार गरिएको छ । त्यस्तै, ४८ वटा ठाउँमा झोलुङ्गे पुल निर्माण गर्न पनि जिल्ला कार्यालयलाई अख्तियारी प्रदान गरिएको मन्त्री बुढाले बताउनुभयो । सोह्र ठाउँमा रहेका सडक निर्माण गर्न अख्तियारी प्रदान गरिएको छ। त्यस्तै मन्त्रालयले एउटा बेलिब्रिज निर्माण गर्न स्रोत सुनिश्चित गरेर बोलपत्र खोल्न निर्देशन पठाएको छ ।

**कुन जिल्लामा कति भौतिक संरचना निर्माण ?**

सुर्खेतमा चारवटा सडक, सातवटा पक्की पुल, पाँच झोलुङ्गे पुल निर्माण गर्न बजेट व्यवस्थापन गरी पूर्वाधार विकास निर्देशनालयलाई काम गर्न अख्तियारी प्रदान भइसकेको छ । जाजरकोटमा दुईवटा सडक, छवटा पक्की पुल, तीनवटा झोलुङ्गेपुल र एउटा बेलिब्रिज निर्माण गर्न निर्देशन मन्त्रालयले पठाइसकेको छ । दैलेखमा एक सडक, दुईवटा मोटरेबल पुल, १० वटा झोलुङ्गेपुल निर्माण हुने भएका छन् । रुकुमपश्चिममा एक सडक, तीनवटा पक्की पुल र एक झोलुङ्गपुल निर्माण गर्न बजेट सुरक्षित गरिएको छ । मुगुमा एक सडक, नौवटा झोलुङ्गेपुल निर्माण हुने भएका छन्।

त्यसैगरी, सल्यानमा एक सडक, एक मोटरेबल पुलका लागि बजेट सुरक्षित गरिएको छ। जुम्लामा एक सडक र चार झोलुङ्गेपुल निर्माण गर्न बजेट सुनिश्चित गरिएको प्रवक्ता वलीले जानकारी दिनुभयो। हुम्लामा एक सडक र चारवटा झोलुङ्गेपुल निर्माण गर्न बजेट सुनिश्चित गरिएको छ।

कालिकोटमा एक सडक र पाँचवटा झोलुङ्गेपुल निर्माण हुने भएका छन् । डोल्पामा तीनवटा सडक, दुईवटा पक्की पुल र सात झोलुङ्गेपुलका लागि बजेट सुनिश्चित गरिएको छ। एक सय नौवटा आयोजनाको स्रोत सुनिश्चित गर्नुपर्नेमा



हालसम्म ८५ वटा आयोजनाको स्रोत सुनिश्चित भएको वलीले जानकारी दिनुभयो । चालु आवमा नै बोलपत्र आह्वान गरेर काम सुरु हुने उहाँले बताउनुभयो।

**विश्व बैंकको प्रतिनिधिमण्डलसाग छलफल**

विश्व बैंकको आर्थिक सहयोगमा कर्णालीमा निर्माण भइरहेको भौतिक पूर्वाधारका कामको समीक्षा भएको छ । कर्णालीका १० जिल्लामा रहेका विभिन्न ठाउँमा सडक पूर्वाधारको काममा विश्व बैंकको लगानी छ।

प्रदेश सरकारको समन्वयमा बैंकले पूर्वाधारका क्षेत्रमा काम गर्दै आएको छ। विगतमा कार्यान्वयन आएका कामको प्रभावकारी र भावी दिनमा लगानी गर्ने विषयमा पनि छलफल भएको मन्त्री बुढाले जानकारी दिनुभयो । छलफलमा विश्व बैंकका नेपाल प्रमुख रेनु अनेजा, मन्त्रालयका सचिव अर्जुनकुमार बम, प्रादेशिक आयोजना व्यवस्थापन एकाइ सुर्खेतको टिमलगायतको सहभागिता थियो।

छलफलमा जिल्लामा विकास निर्माणका काम गर्दा आइपरेका समस्या तथा चुनौतीका विषयमा छलफल भएको थियो। हाल हुम्ला, कालिकोट, दैलेखमा काम भइरहेका छन् । प्रदेश सरकारले काम गरिरहेका ठाउँमा ८० प्रतिशत बजेट विश्व बैंकले लगानी गर्दै आएको छ । अन्य जिल्लामा पनि पूर्वाधारका काम गर्न प्रक्रियागत काम भइरहेको मन्त्री बुढाले बताउनुभयो । पालिकाको केन्द्रलाई सडक पूर्वाधारले जोड्ने मुख्य उद्देश्य छ। प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना, प्रादेशिक आयोजना व्यवस्थापन एकाइबाट कर्णालीमा काम भइरहेको छ।

कर्णालीका १० जिल्लामा काम भए पनि कार्यालयको असहयोगका कारण गति लिन नसकेको भन्दै विश्व बैंकको नेपाल सेक्टर हेर्ने अनेजाले गुनासो गर्नुभएको थियो ।रासस

# 'चुनपहरा चट्टान' आरोहण प्रशिक्षण केन्द्र

डुम्रे । पृथ्वी राजमार्गको मुग्लिन-पोखरा सडकखण्डअन्तर्गत तनहुँको बन्दीपुर गाउँपालिका-४ विमलनगरस्थित चुनपहरामा अचेल आरोहण गर्नेहरुको चहलपहल देखिन्छ । हिउँद याममा यहाँ उल्लेख्य मात्रामा चट्टान आरोहण गर्न आउने गरेका छन् । हिमाल आरोहणमा जानुभन्दा अघि आरोहीले चुनपहरा चट्टान आरोहण गर्ने गरेका छन्। त्यसैले पछिल्लो समय चुनपहरा चट्टान प्रशिक्षण केन्द्र बनेको छ।

पर्वतीय पथ प्रदर्शक उत्पादन गर्ने उद्देश्यले विभिन्न




सङ्घसंस्थाबाट तालिम लिइरहेका प्रशिक्षार्थीलाई चट्टान आरोहण प्रशिक्षण दिने स्थल बनेको छ । चुनपहरा पथ प्रदर्शक मात्रै नभई नेपाल प्रहरीका जोखिम उद्धार टोली उत्पादनका लागि प्रशिक्षण लिने स्थल बनेको छ । नेपाल पर्वतीय पदयात्राका निम्ति उपयुक्त स्थान मानिन्छ । यहाँ आउने विदेशी पर्यटकलाई आकर्षित गर्न तथा दक्ष पर्वतीय पथ प्रदर्शक उत्पादन गर्ने लक्ष्य रहेको सिद्ध गुफा संरक्षण समितिका संस्थापक अध्यक्ष लालकुमार श्रेष्ठले जानकारी दिनुभयो।

"यहाँ विदेशी तथा स्वदेशी साहसिक खेलाडी समय समयमा चट्टान आरोहणका लागि आउने गरेका छन् । कम्पनीले दक्ष तथा अनुभवी पथ प्रदर्शक उत्पादन गरिरहेका छन् भने नेपाल प्रहरीको जोखिम उद्धारका लागि तालिम केन्द्र बनेको छ", श्रेष्ठले भन्नुभयो, "विगतमा सडक विस्तारको क्रममा पहरा कटान गर्ने योजना थियो, पछि हामीले साहसिक खेलको प्रशिक्षण केन्द्र बनायौँ।" साहसिक खेलका रुपमा रहेको रक क्लाइम्बिङको विकास गर्दै यसलाई आयआर्जनसँग जोड्न आवश्यक रहेको उहाँको भनाइ छ।

यहाँ आउने विदेशी पर्यटकलाई राष्ट्रियस्तरको प्रमाण प्राप्त दक्ष पर्वतीय पथ प्रदर्शक उत्पादन गर्ने लक्ष्यका साथ पर्वतीय पथ प्रदर्शक प्रशिक्षण भइरहेको नेपाल पर्वतारोहण प्रशिक्षक सङ्घ गैरीधारा काठमाडौँले जनाएको छ । यो एक हप्ताका लागि सञ्चालन हुनेछ । नेपाल पर्वतारोहण प्रशिक्षक सङ्घका महासचिव पासाङ टेण्डी शेर्पाले १७औँ चरणको तालिम यहाँ सञ्चालन भइरहेको जानकारी दिनुभयो । "यो साहसिक खेल नेपालको मात्रै नभएर विश्वमा नै प्रसिद्ध छ। यो प्रशिक्षण र सिकाई फिजियोथेरापीसँग पनि सम्बन्धित छ", उहाँले भन्नुभयो, "चट्टानको प्राकृतिक जडान सुरक्षित र सजिलो छ।"

महासचिव शेर्पाले नेपालमा चट्टान आरोहण विकासका क्रममा रहेको र चट्टान आरोहणले मानसिक रुपमा पनि तन्दुरुस्त बनाउन सहयोग गर्ने बताउनुभयो। यस स्थानको संरक्षण र प्रवर्द्धन आवश्यक रहेको उहाँको भनाइ छ । नेपाल साहसिक पदयात्रा गर्ने क्षेत्रको रुपमा मानिएको छ भने पर्वतारोहणमा सहज बनाउन प्रशिक्षकको मागअनुसार उपलब्ध गराउन पथ प्रदर्शक उत्पादन गरिरहेको सङ्घले जनाएको छ।

सङ्घका सिनियर प्रशिक्षक लाक्पा राङ्गु शेर्पाले प्रशिक्षणका लागि सीमित क्षेत्र भएकाले सिमित प्रशिक्षार्थीलाई मात्रै प्रशिक्षण दिइरहेको बताउनुभयो। साहसिक खेलमध्येको चट्टान आरोहणपछि आइस क्लाम्बिङ गराएर मात्रै तालिम प्राप्त पथ प्रदर्शक भएको प्रमाणपत्र दिने गरिन्छ।

सङ्घले यस पटक एक महिला र ४३ पुरुष गरी ४४ जनालाई प्रशिक्षण दिइरहेको महासचिव शेर्पाले बताउनुभयो । उहाँले भन्नुभयो, "शरीरको सहनशीलतालाई विकास गर्न यहाँको हावापानी उपयुक्त रहेकाले प्रशिक्षण गराउन ल्याउने गरेका छौँ । यसपछि आइस क्लाम्बिङ गराएर मात्रै तालिम प्राप्त पथ प्रदर्शकको प्रमाणपत्र दिने गरिन्छ।"

"पथ प्रदर्शकले मौसमको आभास गर्नुपर्ने हुन्छ, त्यसका लागि सिद्धगुफाको चट्टान उपयुक्त छ", प्रशिक्षक शेर्पाले भन्नुभयो, "दक्ष पथ प्रदर्शक उत्पादनका लागि उनीहरुले मौसमको अनुभव गर्नुपर्ने हुन्छ । कहिले चिसो त कहिले तातो मौसमको सामना गर्न सक्ने गरी तालिम दिन्छौँ यहाँको मौसमका साथै ठाउँ पनि उपयुक्त छ।" विदेशबाट नेपालका हिमाल आरोहण गर्न आउने गर्छन् । रासस


## जानकी महिला जागरण समाज

**जनकपुरधाम – ४, धनुषा, नेपाल**

## बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/०३ गते**

जानकी महिला जागरण समाज (JWAS) द्वारा संचालित एक परियोजनाका लागि परियोजनाका लक्षित युवा तथा महिला सहभागीहरुलाई निजहरुले रोजेको विभिन्न रोजगार वा स्वरोजगारमूलक सिप तालिम सञ्चालन गर्नकालागि यस संस्थालाई यसै सूचना बमोजिमको बोलपत्र आह्वान सम्बन्धी दस्तावेज Terms of Reference (ToR) मा उल्लेख भएको विस्तृत विवरण अनुसारका उल्लेखित सिपतालिमहरु सञ्चालन गर्न योग्य र इच्छुक इजाजतपत्र प्राप्त दर्तावाल फर्म/तालिम प्रदायकहरुबाट मिति २०८२ माघ २३ गते कार्यालय समय दिनको १७:०० बजे भित्र यस संस्थाको कार्यालयमा प्राप्त हुने गरी बोलपत्र दस्तावेजमा उल्लेख भए अनुसारको विवरण अनुरुप आफ्नो आवेदन पेश गर्नुहुन अनुरोध छ । बोलपत्र आवेदनका लागि इच्छुक फर्म/कम्पनीले यस संस्थाका लागि आवश्यक सेवाको विवरण सहितको बोलपत्र सम्बन्धि पूर्ण दस्तालेज (Terms of Reference–ToR) विवरण प्राप्त गर्न यस संस्थाको vacancyjwas@gmail.com इमेल ठेगानामा आफ्नो फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि सहित इमेल मार्फत अनुरोध गरेमा यथासक्य चाडै सोही इमेल मार्फत नै उपलब्ध गराइनेछ।



## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

**मधेश प्रदेश, जनकपुरधाम, धनुषा**

## करार सेवामा जनशक्ति छनौट सम्बन्धी संशोधित सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१०/०२**

**सूचना नं. ०३/०८२/०८३**

यस मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत रिक्त रहेको पदमा कर्मचारी व्यवस्थापन गर्नुपर्ने आवश्यक भएकोले तपसिल बमोजिमको पदमा करार सेवामा जनशक्ति भर्ना गर्नुपर्ने भएको हुँदा योग्यता पुगेको ईच्छुक नेपाली नागरिकहरुबाट आफूले हासिल गरेको शैक्षिक योग्यता, अनुभव, नागरिकताको प्रमाणपत्र सहित यस प्रतिष्ठानको कार्यालयमा रित पूर्वकको दरखास्त यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्रह) दिन भित्र पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं | विज्ञापन नं. | विभाग | पद | मांग पद | आवश्यक न्यून्तम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | १६/०८२/०८३ | Anatomy | Professor/Associate Professor/Assistant Professor/Lecturer | केहि | सम्बन्धित विषयमा स्नातकोत्तर गरि NMC मा दर्ता भएको साथै पदको हकमा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको विनियमावली तथा आवश्यकता बमोजिम पदमा नियुक्ति गरिनेछ। |
| २ | १७/०८२/०८३ | Physiology | | | |
| ३ | १८/०८२/०८३ | Biochemistry | | | |
| ४ | १९/०८२/०८३ | Pathology | | | |
| ५ | २०/०८२/०८३ | Microbiology | | | |
| ६ | २१/०८२/०८३ | Community Medicine | | | |
| ७ | २२/०८२/०८३ | Forensic Medicine | | | |
| ८ | २३/०८२/०८३ | Nursing (Community Nursing) | Professor/Associate Professor/Assistant Professor/Lecturer | | सम्बन्धित विषयमा स्नातकोत्तर गरि NNC मा दर्ता भएको साथै पदको हकमा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको विनियमावली तथा आवश्यकता बमोजिम पदमा नियुक्ति गरिनेछ। |
| ९ | २४/०८२/०८३ | Nursing (Psychiatric Nursing) | | | |
| **क्र.सं** | **विज्ञापन नं.** | **पद** | **तह** | **मांग पद** | **आवश्यक न्यून्तम शैक्षिक योग्यता** |
| १० | २५/०८२/०८३ | Consultant Surgeon (CTVS) | नवौ/दशौं | १ | MS/MCH-CTVS उत्तिर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता भएको। |
| ११ | २६/०८२/०८३ | Consultant Surgeon (Uro Surgery) | नवौ/दशौं | १ | MS/MCH-Uro Surgery उत्तिर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता भएको। |
| १२ | २७/०८२/०८३ | Biomedical Technician | पाँचौ | १ | 10+2 उत्तिर्ण गरि Biomedical Equipment तालिम गरेको वा BMET गरेको। |

**पदपूर्ति सम्बन्धी अन्य शर्तहरु :**

१. **दरखास्त दिने अवधि** : २०८२।१०।०२ देखि २०८२।१०।१६ गते सम्म। सार्वजनिक विदा भएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा दरखास्त दिन सक्नेछ।
२. सम्पर्क मिति पछि प्रकाशित गरिनेछ।
३. **उमेरको हद** : विज्ञापन नं. १६/०८२/०८३ देखि २४/०८२/०८३ सम्मको हकमा Professor/Associate Professor को लागि ७० वर्ष ननाघेको र विज्ञापन नं. १६/०८२/०८३ देखि २२/०८२/०८३ सम्मको हकमा Assistant Professor/Lecturer को लागि ६५ वर्ष ननाघेको र विज्ञापन नं. २३/०८२/०८३, २४/०८२/०८३ को हकमा Assistant Professor/Lecturer को लागि ४५ वर्ष ननाघेको हुनु पर्नेछ तथा विज्ञापन नं. २५/०८२/०८३ देखि २७/०८२/०८३ सम्म को हकमा ४५ वर्ष ननाघेको हुनपर्नेछ।
४. **परीक्षा दस्तुर** : Professor/Associate Professor को लागि रु. १५००।-, Assistant Professor/Lecturer को लागि रु. १२००।-, नवौं/दशौं तहको लागि रु. १०००।- र पाँचौ तहको रु. ६००।-
५. **परीक्षा दस्तुर** : लक्ष्मी सनराईज बैंक लिमिटेड, भानु चौक, जनकपुरधाम स्थित यस मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको खाता नं. १६८१६९९५३६०१११०१ मा जम्मा गरेको भौचर निवेदन साथ पेश गर्नु पर्नेछ।
६. **परीक्षाको किसिम** : विज्ञापन नं. १६/०८२/०८३ देखि २६/०८२/०८३ सम्मको अन्र्तवार्ता बाट तथा विज्ञापन नं. २७/०८२/०८३, को लिखित र अन्र्तवार्ता माध्यम बाट छनौट गरिनेछ।
७. **परीक्षाको समय** : सम्पर्क मितिमा तोकिनेछ।
८. दरखास्त फारम यस प्रतिष्ठानको website: www.mihs.edu.np बाट डाउनलोड गरि रित पूर्वक भरि यस प्रतिष्ठानको कार्यालय, जनकपुरधाम-१४, मुजेलिया (मनिपाल) मा पेश गर्नु पर्नेछ।
९. यस विज्ञापनको पदपूर्ति सम्बन्धि अन्तिम अधिकार प्रतिष्ठानमा निहित रहनेछ।

**रजिष्ट्रारको कार्यालय**
**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**

# निर्वाचन बहिष्कार गर्न संघर्ष समितिको आह्वान

**टुडे समाचारदाता**

जनकपुरधाम । कम्युनिष्ट पार्टी आबद्ध विभिन्न ६ साना दलीय संयुक्त संघर्ष समितिले आसन्न प्रतिनिधि सभाको निर्वाचन बहिष्कार गर्न आह्वान गरेका छन् ।



शुक्रवार जनकपुरधाममा औचित्यहीन संसदीय निर्वाचनमाथि बहिष्कार विमर्श भन्ने विचार गोष्ठी संघर्ष समिति केन्द्रीय समितिले आयोजना गरी यस्तो आह्वान गरेका हुन् ।

गोष्ठीका प्रमुख अतिथि नेकपा (बहुमत) का महासचिव धर्मेन्द्र वास्तोलाले देश र जनताको पक्षमा अग्रगामी राष्ट्रिय सहमति कायम र संविधान पुनर्लेखन वा खारेज नगरी गरिने कुनै पनि निर्वाचनको औचित्य नहुने निष्कर्ष संघर्ष समितिको रहेको बताए ।

उनले भने, 'वर्तमान संविधान यथास्थितिवादी, जनविरोधी र असफल भइसकेको छ, जनताको वास्तविक प्रतिनिधित्व गर्ने प्रतिनिधिसभाको निर्वाचन जनताको स्वाधीन संयुक्त जनसरकार गठन र जनसंविधान निर्माणपछि मात्रै निर्वाचन सम्भव हुनेछ, त्यसैले यसको बहिष्कार गरौं ।'

गोष्ठीमा बोल्ने वक्ताहरुले आगामी फागुन २१ गते तोकिएको कथित प्रतिनिधिसभा निर्वाचन तत्काल खारेज गर्न सरकारसँग मागसहित अग्रगामी न्यूनतम राष्ट्रिय सहमति कायम गर्न संवादको थालनी गर्न अपिल समेत गरेका छन् ।

उनीहरुले यदि सरकारले यस आग्रहलाई बेवास्ता गर्दै यथास्थितिमा चुनाव गराउने बाटो रोजेमा त्यस्तो जनविरोधी र यथास्थितिवादी निर्वाचनलाई बहिष्कार तथा खारेज गर्न सम्पूर्ण नेपाली जनसमुदायमा आह्वान गर्ने चेतावनी समेत दिए ।

कार्यक्रममा उपस्थित वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टीका मदन अर्यालले जनताको स्वाधीन संयुक्त जनसरकार र जनसंविधान सुनिश्चित नगरी गरिने कुनै पनि निर्वाचनले मुलुकको राजनीतिक, सामाजिक तथा आर्थिक संकट समाधान गर्न नसक्ने बताए ।

उनले विदेशमा रहेका करिब ५० लाख नेपालीको मताधिकार सुनिश्चित नगरी, मजदुर, किसान र बेरोजगारका समस्या समाधान हुने संवैधानिक व्यवस्था नगरी, सुकुम्बासी र प्रतिपीडित समुदायका समस्या सम्बोधन सहित राष्ट्रिय औद्योगिकीकरणको स्पष्ट नीति तय नगरी गरिने निर्वाचन जनताको पक्षमा नहुने दाबी समेत गरे ।

त्यस्तै क्रान्तिकारी कम्युनिष्ट पार्टीका रमेशले नेपाली सेना, नेपाल प्रहरी र बहिगर्मित जनमुक्ति सेनासँग सम्बन्धित समस्या समाधान नगरी यथास्थितिमा गरिने चुनावलाई स्वीकार गर्न नसकिने बताउँदै संघर्ष समितिले मागहरू पूरा नगरी निर्वाचन गर्न खोजियो भने त्यसको कडा विरोध गर्न आम जनतालाई अपिल गर्ने चेतावनी दिए । गोष्ठीबाट आउंदो माघ ५ गते जनकपुरधाममा विरोध प्रदर्शन कार्यक्रम गर्ने निर्णय समेत गरिएको छ ।

सो संयुक्त संघर्ष समितिमा नेपाल कम्युनिष्ट पार्टी (बहुमत), नेपाल कम्युनिष्ट पार्टी जनपक्ष, नेपाल कम्युनिष्ट पार्टी, समाजवादी कम्युनिष्ट पार्टी, वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी र क्रान्तिकारी कम्युनिष्ट पार्टीसहित ६ वटा साना वाम दल आबद्ध रहेका छन् ।

# जनकपुरधामलाई व्यवस्थित बनाइने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले प्रदेशका राजधानी जनकपुरधामको ट्राफिक व्यवस्था र सरसफाई सम्बन्धी महत्वपूर्ण निर्णयहरु गरेको छ ।



मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले प्रहरी प्रशासन र जनप्रतिनिधिसँगको उच्चस्तरीय संयुक्त बैठकबाट प्रदेशका राजधानी जनकपुरधामलाई समग्र व्यवस्थापनलाई चुस्त, स्वच्छ र सुरक्षित बनाउने उद्देश्यसहित गरेको बैठकबाट महत्वपूर्ण निर्णयहरु गरिएको हो ।

गृह, सञ्चार तथा कानुन मन्त्री फकिरा महतोको अध्यक्षतामा सम्पन्न बैठकबाट जनकपुरधाम नगरको सरसफाइ, ट्राफिक व्यवस्थापन, धार्मिक स्थल तथा प्रदेश भवनको सुरक्षा सुदृढीकरणलगायत विषयमा विस्तृत छलफल गरी महत्वपूर्ण निर्णयहरू गरेको जनाइएको छ ।

बैठकले सबै निकायबीच समन्वय गरी जनकपुरधाममा वृहत् सरसफाइ अभियान सञ्चालन गर्ने, विशेषगरी जानकी मन्दिर क्षेत्रको फोहोर व्यवस्थापनका लागि जानकी मन्दिरसँग सम्बन्धित गुठी व्यवस्थापनका पदाधिकारीहरूसँग छलफल गरी ठोस समाधान निकाल्ने निर्णय गरेको हो । सो बैठकबाट फोहोर व्यवस्थापनका लागि डम्पिङ साइट निर्धारण तथा व्यवस्थापन गर्ने जिम्मेवारी जनकपुरधाम उपमहानगरपालिका दिइएको छ ।

यसका साथै जानकी मन्दिरमा भित्र गर्भ गृहमा सामाजिक सञ्जालका लागि आम नागरिकले खिच्ने गरेको फोटो र दृश्य तत्काल बन्द गर्न जानकी मन्दिर व्यवस्थापनसँग समन्वय गरी व्यवस्था मिलाउन प्रदेश प्रहरी कार्यालयलाई निर्देशन दिइएको मन्त्री महतोले जनाएको छ ।

राजधानी शहरको बढ्दो भीड व्यवस्थापन गर्न पार्किङका लागि निश्चित स्थान तोक्ने, भीडभाड बढी हुने क्षेत्रमा नो-पार्किङ जोन निर्धारण गर्ने तथा ट्राफिक प्रहरीलाई आवश्यक सहयोग उपलब्ध गराउने निर्णय बैठकले गरेको छ ।

साथै, ई-रिक्सा व्यवस्थापन, रामानन्द चौकदेखि जनक चोकसम्म वन-वे प्रणाली लागू गर्ने तथा मुख्य बजार र पैठिया बजार क्षेत्रमा बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म सवारी साधन प्रवेशमा रोक लगाउने विषयमा जिल्ला प्रशासन कार्यालय र ट्राफिक प्रहरीसँग समन्वय गर्ने निर्णय पनि गरिएको उनले जानकारी दिएका छन् ।

बैठकले सुरक्षा व्यवस्था अन्तर्गत मुख्य मठ-मन्दिर तथा संवेदनशील स्थानहरूमा सीसीटीभी क्यामेरा जडान तथा मर्मत गर्ने निर्णय गरेको छ । यसका लागि गृह, सञ्चार तथा कानुन मन्त्रालयमार्फत आवश्यक सहयोग तथा व्यवस्था मिलाइने निर्णय गरेको हो ।

यसका साथै, नगरको विभिन्न स्थानको रंगरोगन, सरसफाइ र सौन्दर्यीकरणका लागि आवश्यक बजेट प्रस्ताव गर्ने निर्णय समेत गरिएको छ । प्रदेश भवन क्षेत्रको सुरक्षा व्यवस्थापनका लागि प्रदेश सुरक्षा समितिले गठन गरेको मधेश भवन सुरक्षा अध्ययन समितिको प्रतिवेदन तत्काल कार्यान्वयनमा ल्याउने बैठकबाट गरिएको मन्त्री महतोले जानकारी दिएका छन् ।

बैठकमा उपस्थिति पदाधिकारीहरुले निर्णय गरिएका कुराहरु चरणबद्ध रूपमा कार्यान्वयन गरी प्रदेशका राजधानी जनकपुरधामलाई स्वच्छ, सुरक्षित र व्यवस्थित सहर बनाइने प्रतिबद्धता व्यक्त गरेको गृह, सञ्चार तथा कानुन मन्त्रालयका प्रवक्ता राधेश्वर प्रसाद पालले जानकारी दिएका छन् ।

सो बैठकमा प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआई गोविन्द थपालिया, जिप्रका धनुषाका प्रमुख रुम्म बहादुर कुँवर, प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेल, जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साह, जिल्ला सशस्त्र प्रहरी प्रमुख, जिल्ला राष्ट्रिय अनुसन्धान प्रहरी प्रमुख, जिल्ला ट्राफिक कार्यालय प्रमुख लगायतका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

## आज विद्युत आपूर्ति अवरुद्ध रहने

**टुडे समाचारदाता**

जनकपुरधाम । शनिबार जनकपुरधामका विभिन्न क्षेत्रमा विद्युत आपूर्ति अवरूद्ध हुने नेपाल विद्युत प्राधिकरण जनकपुरधाम वितरण केन्द्रले जनाएको छ ।

केन्द्र अन्तर्गत पर्ने मुजेलिया सबस्टेशनबाट आपूर्ति हुँदै आएका ११ केभी सिटी-२, सिटी-३ र पिडारी फिडरमा मर्मत तथा सुधार कार्यका कारण शनिबार विद्युत आपूर्ति अवरुद्ध हुने एक सूचना जारी गरी जनाएको छ ।

नेविप्रा जनकपुर वितरण केन्द्रले जारी गरेको सूचनाअनुसार माघ ३ गते शनिबार बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म सम्बन्धित फिडरहरू सटडाउन गरिनेछ । सो अवधिमा ती फिडर अन्तर्गतका विभिन्न स्थानहरूमा विद्युत आपूर्ति आंशिक वा पूर्ण रूपमा अवरुद्ध रहनेछ ।

सिटी-२ फिडर अन्तर्गत मिल्स एरिया, जनकचौक, शिवचौक, रामचौक, मुरलीचौक, विश्वकर्मा चौक लगायतका क्षेत्र प्रभावित रहनेछ भने सिटी-३ फिडर अन्तर्गत भानुचौक, रेलवे स्टेशन, सिता चौक, कदमचौक, वकिल टोल, मालपोत क्षेत्र, पिररियामाई, कपलेश्वर, कुवा, रामपुर, लोहना लगायतका स्थानमा विद्युत आपूर्ति बन्द रहने सूचनामा भनिएको छ ।

पिडारी फिडर अन्तर्गत हनुमाननगर, बिन्ही, लादोबेला, बसहिया, गंगुली, घोडघास, नगराईन, लगमा, फुलगामा, मुखियापट्टी, मुसहरनिया, बेरिया लगायतका क्षेत्रमा समेत विद्युत सेवा प्रभावित रहनेछ भने निर्धारित समयभन्दा अगावै मर्मत कार्य सम्पन्न भएमा सोही अनुसार विद्युत आपूर्ति पुनः सञ्चालन गरिने केन्द्रले जनाएको छ ।

# म्यादी प्रहरीका लागि ५३ हजार बढीले दिए निवेदन

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्यका लागि मधेश प्रदेशबाट निर्वाचन (म्यादी) प्रहरीका लागि ५३ हजार भन्दा बढीले निवेदन दर्ता गराएका छन् ।



मधेश प्रहरी कार्यालयले दिएको विवरण अनुसार प्रदेशभरि नेपाल र शस्त्र प्रहरी कुल ५३ हजार ३३८ जनाले म्यादी प्रहरीमा निवेदन दिएका छन् । प्रदेशभरीमा २८ हजार २९५ जना आवश्यक रहेकोमा नेपाल प्रहरी तर्फबाट ४८ हजार २५० र सशस्त्र ५ हजार ८८ जनाले म्याद प्रहरीका लागि निवेदन दिएका छन् ।

प्रदेश प्रहरीले जनाए अनुसार नेपाल प्रहरी तर्फ जिल्लागत रूपमा सबैभन्दा बढी निवेदन धनुषाबाट ६ हजार ९१६ दर्ता भएको छ । अन्य जिल्लातर्फ पर्साबाट ५ हजार ३९९, रौतहटबाट ६ हजार २८४, बाराबाट ६ हजार ७७८, सर्लाहीबाट ६ हजार २६५, महोतरीबाट ५ हजार ३५९, सिरहाबाट ४ हजार ४५९ र सप्तरीबाट ६ हजार ३९५ जनाले निवेदन दर्ता गराएका छन् ।

यस्तै सशस्त्र प्रहरीतर्फ महोतरी जिल्लाबाहेक सबै प्रदेशमा निवेदन परेको छ । विवरण अनुसार पर्साबाट ५२१, बाराबाट १ हजार ६६४, रौतहटबाट ४६९, सर्लाहीबाट ३९६, धनुषाबाट २९९, सिरहाबाट ६२२ र सप्तरीबाट १ हजार ११७ निवेदन परेको हो ।

प्रदेश प्रहरीले दिएको जानकारी अनुसार पर्सामा २ हजार ४६७, बारामा ३ हजार ६३८, रौतहटमा ३ हजार ४६६, सर्लाहीमा ३ हजार ९२६, महोतरीमा ३ हजार ४४७, धनुषामा ४ हजार १४२, सिरहामा ३ हजार ३७२ र सप्तरीमा ३ हजार ८३७ म्यादी प्रहरीका लागि आवेदन माग गरिएको थियो ।

प्रदेश प्रहरीका अनुसार निवेदन दर्ता प्रक्रिया सम्पन्न भइसकेको छ र अब शारीरिक परीक्षण, स्वास्थ्य परीक्षण तथा अन्य मापदण्डका आधारमा अन्तिम छनोट प्रक्रिया अघि बढाइनेछ । म्यादी प्रहरी निर्वाचन अवधिभर सुरक्षाको महत्वपूर्ण जिम्मेवारीमा रहने भएकाले छनोट प्रक्रिया पारदर्शी र निष्पक्ष ढंगले गरिनेछ ।

## रौतहटमा ६ हजार बढीको आवेदन

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको निर्वाचन प्रहरीमा भर्ना हुन रौतहटमा ६ हजार ७३६ जनाले आवेदन दिएका छन् ।

आवेदन दिने अन्तिम मिति माघ १ गते बिहीबारसम्म उक्त संख्या पुगेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । जिल्लामा निर्वाचन सुरक्षाका लागि नेपाल प्रहरीतर्फ ३ हजार ४६६ जना र सशस्त्र प्रहरीतर्फ ३८५ जना गरी कुल ३ हजार ८५१ जना निर्वाचन प्रहरी आवश्यक छा तर मागभन्दा झन्डै दोब्बर आवेदन परेको जनाइएको छ ।

जिप्रका रौतहटका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक विष्णुप्रदीप वस्यालका अनुसार नेपाल प्रहरीतर्फ ६ हजार २८४ जनाले आवेदन दिएका छन् । तीमध्ये ५ हजार ३४८ जना पुरुष र ९३६ जना महिला रहेका छन् । सशस्त्र प्रहरीतर्फ भने ४५२ जनाले आवेदन दर्ता गराएका छन् । आवेदन दिनेमा ४२५ जना पुरुष र २७ जना महिला रहेका छन् ।

आवेदन फारम जिल्ला प्रहरी कार्यालय रौतहटसहित इलाका प्रहरी कार्यालय गरुडा, चन्द्रनिगाहपुर, लक्ष्मीनिया र विजयपुरबाट संकलन गरिएको थियो । सीट संख्या भन्दा बढी आवेदन परेकाले माघ ५ गते सम्पर्क मिति तोकिएको र त्यसपछि छनोट प्रक्रिया सुरु हुने डिएसपी वस्यालले जानकारी दिएका छन ।

# धनुषामा ५ लाख बढी मतदाता

**टुडे समाचारदाता**

जनकपुरधाम । फागुन २१ गते हुने भनिएको प्रतिनिधि सभा सदस्यको निर्वाचनमा धनुषा जिल्लाबाट जम्मा मतदाता ५ लाख १४ हजार ५ सय ७१ जना मतदाता सहभागिता जनाउने छन् ।




जनकपुरधाममा शुक्रबार मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापनाको अवसरमा आयोजित कार्यक्रममा सञ्चारकर्मीहरुसंग कुरा गर्दै धनुषा क्षेत्र नं.३ का निर्वाचन अधिकृत शुभाष राउत पुरीले धनुषा जिल्लाभरिका निर्वाचन क्षेत्र र मतदाता बारे जानकारी गराएका छन् । उनका अनुसार प्रतिनिधिसभा निर्वाचनका लागि धनुषा जिल्लामा ४ वटा निर्वाचन क्षेत्र रहेको छ ।

निर्वाचन क्षेत्र नं.१ को निर्वाचन कार्यालय धनुषाधाममा कायम गरिएको छ भने निर्वाचन अधिकृत मनोज बराल रहेका छन् । यस क्षेत्रमा कुल १ लाख २६ हजार ४० जना मतदाता रहेका छन् भने मतदानस्थल ८५ वटा रहेको छ र मतदान केन्द्र १ सय ६३ वटा रहेको छ ।

निर्वाचन क्षेत्र नं.२ का लागि निर्वाचन कार्यालय विदेह नगरपालिकाको तीनकोरीयामा तोकिएको छ भने निर्वाचन अधिकृतमा दामोदर रेग्मिलाई नियुक्त गरिएको छ । यस क्षेत्रमा कुल मतदाता १ लाख ३४ हजार ८ सय २६ जना रहेका छन् भने मतदानस्थल ८८ वटा रहेको छ र मतदान केन्द्र १७४ वटा रहेको छ ।

यस्तै निर्वाचन क्षेत्र नं. ३ को निर्वाचन कार्यालय जनकपुरधाममा रहेको छ भने निर्वाचन अधिकृतमा शुभाष राउत पुरी रहेका छन् । यस क्षेत्रमा कुल मतदाता १ लाख २५ हजार ९ सय २७ रहेका छन् भने मतदानस्थल ७४ वटा रहेको छ भने मतदान केन्द्र १५५ वटा कायम गरिएको छ ।

निर्वाचन क्षेत्र नं.४ को निर्वाचन कार्यालय महेन्द्रनगरमा राखिएको छ भने निर्वाचन अधिकृतको जिम्मेवारी पुरुषोत्म खतिवडालाई दिइएको छ । सो क्षेत्रमा कुल मतदाता १ लाख २७ हजार ७ सय ७८ जना रहेकामा मतदानस्थल ७५ वटा रहेको छ भने मतदान केन्द्र १५३ वटा कायम गरिएको छ ।

अस्थायी मतदाताहरुको नाम संकलन कार्य जारी नै रहेको धनुषा क्षेत्र नं. ३ का निर्वाचन अधिकृत पुरीले जानकारी दिए । उनका अनुसार धनुषाभरिमा जम्मा निर्वाचन स्थल ३ सय २२ वटा रहेको छ भने जम्मा मतदान केन्द्र ६ सय ४५ वटा रहेको छ । धनुषाको चारवटै निर्वाचन क्षेत्रमा जम्मा ३ हजार ८ सय ७० जना कर्मचारी खटाईने अधिकृत पुरीले जानकारी दिएका छन् ।

# निर्वाचन अधिकृतको कार्यालय स्थापना

**टुडे समाचारदाता**

रौतहट । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ को तयारी स्वरूप रौतहट जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ ।

संसदीय निर्वाचन क्षेत्र नम्बर १ अन्तर्गत जिल्ला सदरमुकाम गौरमा रहेको कर कार्यालयको भवनमा मुख्य निर्वाचन अधिकृतको कार्यालय उद्घाटन गरिएको हो। शुक्रबार आयोजित कार्यक्रममा रौतहट जिल्ला अदालतका जिल्ला न्यायाधीश मनोज के.सी.ले कार्यालयको उद्घाटन गरेका छन् ।

उद्घाटन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी (सिडियो) दिनेश सागर भुसाल, जिल्ला निर्वाचन कार्यालय रौतहटका प्रमुख छोटेलाल दास तथा सम्बन्धित कार्यालयका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

त्यसैगरी छुट्टाछुट्टै कार्यक्रमको आयोजना गरी संसदीय निर्वाचन क्षेत्र नम्बर २ को राजपुर बजार, क्षेत्र नम्बर ३ को कटहरिया बजार तथा क्षेत्र नम्बर ४ को चन्द्रनिगाहपुरमा निर्वाचन अधिकृतको कार्यालय उद्घाटन गरिएको छ ।

जिल्ला निर्वाचन अधिकारी छोटेलाल दासका अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि क्षेत्र नम्बर १ मा जिल्ला न्यायाधीश मनोज के.सी.लाई मुख्य निर्वाचन अधिकृतको जिम्मेवारी दिइएको छ । त्यस्तै क्षेत्र नम्बर २ मा इजलास अधिकृत सीताराम खड्का, क्षेत्र नम्बर ३ मा उपसचिव अवधकिशोर प्रसाद कुशवाहा र क्षेत्र नम्बर ४ मा इजलास अधिकृत उद्धव ढोडारीलाई निर्वाचन अधिकृतको जिम्मेवारी तोकिएको छ ।

यसअघि जिल्ला सुरक्षा समिति रौतहटका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालको नेतृत्वमा नेपाल प्रहरीका एसपी रबिन कार्की, सशस्त्र प्रहरी बलका एसपी रामहरी अधिकारी, राष्ट्रिय अनुसन्धान विभागका एसपी कुमार बुढाथोकी, नेपाली सेनाका कर्णेल विश्वास बिष्ट, जिल्ला निर्वाचन अधिकारी छोटेलाल दास, मुख्य निर्वाचन अधिकृत न्यायाधीश मनोज के.सी.लगायतको संयुक्त टोलीले जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा स्थापना गरिएका निर्वाचन अधिकृतको कार्यालयको स्थलगत निरीक्षण गरेका थिए ।

टोलीले कार्यालयको भौतिक अवस्था, सुरक्षा व्यवस्था तथा निर्वाचन व्यवस्थापनसम्बन्धी तयारीबारे जानकारी लिएको जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ ।

# बैंक लुटपाटमा घरधनीकै संलग्नता

**टुडे समाचारदाता**

सिन्धुली । सिन्धुली जिल्लाको घ्याङलेख गाउँपालिका-२ हायुटारमा रहेको एसबीआई बैंकको शाखा कार्यालयमा घरका धनीकै संलग्नता रहेको खुलासा भएको छ ।



लुटपाटपछि फरार रहेका घरधनी छविलाल स्याङ्तानलाई प्रहरीले नजिकैको जंगलबाट पक्राउ गरी शुक्रबार एक पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ । जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रवक्ता डीएसपी सूर्यप्रकाश सुवेदीका अनुसार बैंक लुटपाट प्रकरणमा संलग्न ७ जनालाई पक्राउ गरिएको जानकारी दिएका छन् ।

पत्राउ पर्नेहरूमा काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका-१० का ४९ वर्षीय भागवत सिंह, सिन्धुली घ्याङलेख गाउँपालिका-२ का ४७ वर्षीय चतुरमान बज्यु, भरतपुर महानगरपालिका-२ बस्ने २४ वर्षीय शशांक श्रेष्ठ, नुवाकोटको पञ्चकन्या गाउँपालिका-५ का २३ वर्षीय मिलन गिरी, १९ वर्षीय विवेक मगर, घरधनी ४४ वर्षीय छविलाल स्याङ्तान र एक १६ वर्षीय किशोर रहेको जनाइएको छ ।

प्रहरीले लुटपाटबाट प्राप्त भएको २ करोड ६८ लाख ५५ हजार १७५ रुपैयाँ बरामद गरेको छा साथै घटनामा प्रयोग भएका २ थान खुकुरी, नक्कली प्लास्टिकको पेस्तोल, टेप, ४ थान नकाब र एक थान पञ्जा समेत बरामद गरिएको प्रहरीले जनाएको छ ।

अनुसन्धानका क्रममा घरधनी छविलाल स्याङ्तान र चतुरमान बज्युले गएको असोज महिनादेखि नै बैंक लुटपाटको योजना बनाएको खुलेको छ । पुस २९ गते साँझ साढे ७ बजेतिर बैंकका सुरक्षा गार्ड रुद्रबहादुर कार्की तथा कर्मचारीहरूलाई नियन्त्रणमा लिई खुकुरी प्रहार गरी घाइते बनाएको सूचना प्रहरीलाई प्राप्त भएको थियो ।

सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय बस्तीपुरबाट खटिएको टोली घटनास्थलमा पुग्दा बैंकका कर्मचारी र सुरक्षा गार्डलाई दुई वटा कोठामा हातखुट्टा बाँधिएको र मुखमा टेप टाँसिएको अवस्थामा फेला पारेको थियो । उनीहरूको तत्काल उद्धार गरी उपचारको व्यवस्था गरिएको थियो ।

घटनाको अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय सिन्धुलीबाट प्रहरी उपरीक्षकको कमान्डमा ५० जना प्रहरी परिचालन गरिएको थियो । खोजतलासका क्रममा घटनास्थलबाट करिब २ किलोमिटर पूर्व लिपिखोलामा बीएडी ०३९८ नम्बरको टाटा सुमो र चालक भागवत सिंहलाई प्रहरीले नियन्त्रणमा लिएका थिए ।

अनुसन्धानका क्रममा पुस २९ गते राति जंगलका विभिन्न स्थानमा बोरामा लुकाइ राखिएको १ करोड ८० लाख १० हजार ५०० रुपैयाँ बरामद गरिएको थियो। पुस ३० गते बिहान घ्याङलेख गाउँपालिका-१ सुकाचुरीबाट पक्राउ परेका ४ जनाको साथबाट थप ५ लाख ९ हजार ६७५ रुपैयाँ फेला परेको छ ।

उनीहरूको बयानका आधारमा लुकाइछिपाइ राखिएको थप ८३ लाख ३५ हजार रुपैयाँ समेत बरामद गरिएको प्रहरीले जनाएको छ । घटनामा प्रयोग भएका कपडा, नकाब, पञ्जा र नक्कली हतियारसमेत प्रहरीले बरामद गरेको छ । प्रहरीले घटनाबारे थप अनुसन्धान जारी रहेको जनाएको छ ।

## जाडोबाट बच्ने उपाय ।

- जाडोमौसममाशितलहरु,हिमपात,हुस्सुतथाकुहिरो लाग्न सक्ने हुँदा अत्याधिक चिसो हुन सक्छ ।
- चिसोको करण प्रदूषण बढ्ने गर्छ ।
- चिसो तथा प्रदूषणको कारण रुघा, खोकी, ज्वरो, सास फेर्न गाह्रो हुने तथा दम बढ्ने समस्या हुन सक्छ
- चिसोतथाप्रदूषणलेमुटु,फोक्सो,मस्तिष्कलगायतका अङ्गमा गम्भीर असर पुग्न सक्छ ।
- बालबालिका,बृद्धबृद्धा,गर्भवतीमहिलातथादमका विरामीलाई गम्भीर असर पार्न सक्ने हुँदा धुलो, धुँवा तथा चिसोबाट बचौं र बचाऔं ।
- सकेसम्मघरभित्रैबसौं,निस्कनैपर्नेभएन्यानोकपडा लगाएरमात्र निस्कौं ।

कुनै समस्या परे चिकित्सकसंग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८